


# HED
Higher Education Discovery

नेपालस्थित
रूसी हाउस

विद्यार्थी ओलम्पियाड
"म एउटा प्रोफेशनल हु"

# दक्षिण एसिया
## रुसी भाषाप्रति बढ्दो रुचि

अन्तर्राष्ट्रिय जर्नल नम्बर ४३

एडमिरल एफ.एफ. उशाकोभको नाममा रहेको स्टेट मेरिटाइम (समुद्री) युनिभर्सिटीमा आवेदन दिनुहोस्

एडमिरल एफ. एफ. उशाकोभको नाममा रहेको 'द स्टेट मेरीटाइम युनिभर्सिटी'

# पत्रिकाको सूचना परियोजना HED

Higher Education Discovery




## रूसी विश्वविद्यालयहरूको अन्तरक्रियात्मक

नक्शाले विदेशी आवेदकहरूलाई रूसका दृश्यहरू र विश्वविद्यालयहरूको उपलब्धिहरूका बारेमा परिचय गराउँछ।

रोस्सात्रुद्रिछेस्त्भोको
सहयोगमा प्राप्त

# विषयवस्तु


| | |
|---|---|
| संस्कृति र जनतालाई एकताबद्ध गर्नाका लागि कार्यक्रमहरू | 6 |
| विद्यार्थी ओलम्पियाड "म एउटा प्रोफेशनल हु" | 10 |
| विदेशीहरूको लागि रूसी उखानटुक्का र वाक्यांशशास्त्रीय एकाइहरू । "बाँदरको काम" | 14 |
| परियोजनामा सहभागी विश्वविद्यालयहरूको HED नक्सा | 16 |
| सेन्ट पिटर्सबर्गस्थित हाइयर स्कूल अफ इकोनोमिक्स | 18 |
| भ्यात्का स्टेट एग्रोटेक्नोलोजिकल (राज्य कृषि प्रविधि) विश्वविद्यालय | 22 |
| एडमिरल एफ. एफ. उशाकोभको नाममा रहेको 'द स्टेट मेरीटाइम युनिभर्सिटी' | 26 |
| इर्कुत्स्क राष्ट्रिय अनुसन्धान प्राविधिक विश्वविद्यालय | 30 |
| सम्राट अलेक्सान्दर प्रथमको नाममा रहेको सेन्ट पिटर्सबर्ग यातायात विश्वविद्यालय | 34 |
| रुसी संघको स्वास्थ्य मन्त्रालय अन्तर्गतको रूसी राष्ट्रिय अनुसन्धान चिकित्सा विश्वविद्यालय, जुन एन. आई. पिरोगोभको नाममा रहेको छ। | 38 |
| सेन्ट-पिट्सबर्ग स्टेट आग्रारियन विश्वविद्यालय | 42 |
| साउथ-उराल स्टेट युनिभर्सिटी (राष्ट्रिय अनुसन्धान विश्वविद्यालय) | 46 |


एडमिरल एफ. एफ. उशाकोभको नाममा राखिएको स्टेट मेरिटाइम युनिभर्सिटीले प्रदान गरेको आवरण १ मा रहेको तस्बिर



प्रदान गरिएका तस्बिरहरू र प्रस्तुत गरिएका सामग्रीहरूको प्रतिलिपि अधिकार कायम राख्ने जिम्मेवारी विज्ञापनदाताको हुन्छ।

# यस अंकमा

## 6

नेपालको काठमाडौँस्थित रोस्सात्रुद्रिछेस्त्भो  प्रतिनिधि कार्यालय - रूसी हाउसले थुप्रै सांस्कृतिक परियोजनाहरू र शैक्षिक पहलहरूलाई समर्थन गर्दै सक्रिय चेतनामूलक कार्यहरु गर्दछ।





## 10

यदि तपाईं रूसी विश्वविद्यालयमा अध्ययन गर्दै हुनुहुन्छ र आफूलाई एक उच्च योग्य विशेषज्ञको रूपमा स्थापित गर्न चाहनुहुन्छ भने, अखिल-रूसी विद्यार्थी ओलम्पियाड "म एक पेशेवर हुँ" तपाईंलाई चाहिने कुरा हो!

# 14

के तपाईं यो लोकप्रिय अनि प्राय: प्रयोगमा आइरहने रुसी अभिव्यक्तिको विश्लेषण गर्न तयार हुनुहुन्छ, जुन विदेशीहरूले मात्र नभई कहिलेकाहीं धेरै रूसीहरूले पनि बुझ्दैनन्? यहाँ "बाँदरको काम"



# 16

परियोजनामा सहभागी विश्वविद्यालयहरूको HED नक्सा। रूसका अग्रणी विश्वविद्यालयहरू, भर्ना नियमहरू, शैक्षिक कार्यक्रमहरू।



मित्रहरू!

हाम्रो टोलीले पत्रिकालाई रोचक र उपयोगी बनाउन धेरै प्रयास गर्यो।सँगै मिलेर हामी यसलाई अझ राम्रो बनाउन सक्छौं! आफ्नो अनुभव साझा गर्न चाहनुहुन्छ, भविष्यको लागि आफ्नो योजनाहरूको बारेमा बताउन चाहनुहुन्छ वा समीक्षा छोड्न चाहनुहुन्छ भने - मा लेख्नुहोस्। **dir@hedclub.com.**




18
सेन्ट पिटर्सबर्गस्थित हाइयर स्कूल अफ इकोनोमिक्स



22
भ्यात्का स्टेट एग्रोटेक्नोलोजिकल (राज्य कृषि प्रविधि) विश्वविद्यालय



26
एडमिरल एफ. एफ. उशाकोभको नाममा रहेको 'द स्टेट मेरीटाइम युनिभर्सिटी'




30
इर्कुत्स्क राष्ट्रिय अनुसन्धान प्राविधिक विश्वविद्यालय



34
सम्राट अलेक्सान्दर प्रथमको नाममा रहेको सेन्ट पिटर्सबर्ग यातायात विश्वविद्यालय



38
रुसी संघको स्वास्थ्य मन्त्रालय अन्तर्गतको रूसी राष्ट्रिय अनुसन्धान चिकित्सा विश्वविद्यालय, जुन एन. आई. पिरोगोभको नाममा रहेको छ।

42

सेन्ट-पिट्सबर्ग स्टेट आग्रारियन विश्वविद्यालय

46

साउथ-उराल स्टेट युनिभर्सिटी
(राष्ट्रिय अनुसन्धान विश्वविद्यालय)





# संस्कृति र जनतालाई एकताबद्ध गर्नाका लागि कार्यक्रमहरू

## नेपालस्थित रूसी हाउस

दशकौदेखि, रूसी-नेपाल सम्बन्धहरू विभिन्न परिवेश र दिशाहरूमा सक्रिय रूपमा विकास हुँदै आएका छन्। द्विपक्षीय सहकार्यका प्राथमिकताका क्षेत्रहरूमध्ये शिक्षा र संस्कृति विशेष हुन्। नेपालको काठमाडौँस्थित  रोस्सात्रुद्निछेस्त्भो  प्रतिनिधि कार्यालय - रूसी हाउसले थुप्रै सांस्कृतिक परियोजनाहरू र शैक्षिक पहलहरूलाई समर्थन गर्दै सक्रिय चेतनामूलक कार्यहरु गर्दछ।

हाल यहाँकी कार्यवाहक निर्देशक साकानुश भान्यानले यस वर्ष काठमाडौँमा रूसी हाउसले आयोजना गरेका मुख्य कार्यक्रमहरूको बारेमा कुरा गर्दै हुनुहुन्छ।



**साकानुश भान्यान,** कार्यवाहक निर्देशक
काठमाडौंस्थित रूसी सदन

## क्रिसमस र नयाँ वर्ष

जनवरी २०२५ मा, रूसी सदनले " कैदीहरूका बालबच्चाको लागि स्थापित बाल आश्रम"(PAN) संग सहकार्य गर्दै अर्थोडक्स क्रिसमस र नयाँ वर्ष २०२५ मनायो। आश्रयस्थलका बच्चाहरूले आफ्नो कलात्मकता र प्रतिभा उजागर गर्दै नेपाली लोकगीतहरूमा नृत्यहरू प्रदर्शन गरेका थिए। उनीहरुले चम्किलो पोशाक, प्रत्यक्ष संगीत र गतिशील नृत्य प्रस्तुतिहरूले रमाईलो चाडको अनुभूति प्रदान गर्नुका साथै उपस्थित दर्शकहरूलाई मन्त्रमुग्ध पारे। यसका साथै, साना नेपाली भाइबहिनिहरुलाई भेट्न रूसी फादर फ्रस्ट या नै "जेद मारोज" आएका थिए।

## प्रदर्शनी "शम्भलाको खोजीमा"

जनवरी २२ मा, रूसी हाउसले रूसी कलाकार नतालिया जाईत्सेवा-बोरिसोभाको "इन सर्च अफ शम्भाला" शिर्षकको प्रदर्शनी आरम्भ गर्यो: जसमा २० भन्दा बढी चित्रकलाहरू समावेश गरिएका थिए, जुन विभिन्न प्रविधिहरू (तैल, गौच, टेम्पेरा) को प्रयोग गरी बनाइएका थिए र नेपाल तथा भारतको "हिमालय" विषयवस्तुद्वारा एकताबद्ध गरिएका थिए।

उक्त प्रदर्शनी नेपाली कला प्रेमीहरू, रुसी सदनका साझेदार संस्थाका प्रमुखहरू, विश्वविद्यालयहरू, कलेजहरू, नेपालमा रहेका रूसी डायस्पोराका प्रतिनिधिहरू, कूटनीतिज्ञहरू, रूसी दूतावासका कर्मचारीहरू र पत्रकारहरूले अवलोकन गरेका थिए।

प्रदर्शनीमा प्रस्तुत गरिएका कार्यहरूले सांस्कृतिक कूटनीतिको एक भागको रूपमा चित्रकलाको महत्त्वलाई जोड दिएका थिए।

## एन्टोन चेखोभको वार्षिकोत्सव

जनवरी २४, २०२५ मा, महान रूसी लेखक ए. पी. चेखोभको १६५ औं वार्षिकोत्सवप्रति समर्पित एक अविस्मरणीय साहित्यिक साँझ आयोजना गरियो। यो नेपाल-रूसी साहित्यिक समाज (NRLA) सँगको सहकार्यमा आयोजना गरिएको थियो। कार्यक्रमले साहित्य र रूसी संस्कृतिका धेरै प्रेमीहरूलाई एकै ठाउँमा ल्यायो। साँझमा चेखोभका कथाहरूको पठन, उनको कामको बारेमा छलफल र प्रसिद्ध कृतिमा आधारित एनिमेटेड फिल्म "काष्टाङ्का" को प्रदर्शन समावेश थियो।

**यो साहित्यिक साँझ कला र संस्कृतिको सम्मिश्रण थियो, जुन शैक्षिक सम्भावनाको ज्वलन्त उदाहरण बन्यो, र नेपालमा रूसी साहित्यको लोकप्रियतामा थप बढावा दिंदै उल्लेखनीय योगदान पुर्यायो। हामी आशा गर्छौं कि यो कार्यक्रम रूस र नेपाल बीच सांस्कृतिक आदानप्रदानको क्षेत्रमा नयाँ परियोजनाहरू र पहलहरूको लागि एउटा राम्रो सुरुवात हुनेछ।**

## RUDN को ६५ वर्ष




फेब्रुअरी ५, २०२५ मा, काठमाडौँको रूसी भवनमा एउटा महत्त्वपूर्ण कार्यक्रम सम्पन्न भयो — रूसको जनमैत्री विश्वविद्यालय (RUDN) को ६५ औं वार्षिकोत्सवको उपलक्षमा कार्यक्रम।

जहाँ कार्यक्रमका आयोजकहरू, "RUDN का साथीहरू" र "मित्र कुञ्ज" ले मित्रता र पारस्परिक समझदारीको वातावरण सिर्जना गरे, अनि रूस र नेपाल बीचको शैक्षिक र सांस्कृतिक सम्बन्धको महत्त्व प्रदर्शन गरे।

कार्यक्रममा कूटनीतिज्ञहरू, सांस्कृतिक क्षेत्रका प्रतिनिधिहरू र विश्वविद्यालयका साथीहरू सहित धेरै पाहुनाहरूलाई आमन्त्रित गरिएको थियो। प्रमुख भाषणहरू मध्ये रुसका लागि नेपाली पूर्व राजदूत श्री हिरण्यलाल श्रेष्ठको "नेपालको विकासमा रूसी संघ र सोभियत संघको योगदान" विषयमा प्रस्तुत गरिएको प्रतिवेदन उल्लेखनीय थियो। उनले नेपालले ऐतिहासिक रूपमा विभिन्न धर्म र संस्कृतिहरूको एकीकरणको केन्द्रको रूपमा काम गरेको उल्लेख गरे, जसले यसलाई अद्वितीय बनाउँछ। आफ्नो अनुसन्धानमा, उनले नेपालको थप विकासमा अन्तर्राष्ट्रिय सहयोगले प्रमुख भूमिका खेल्न सक्छ भन्ने कुरामा जोड दिँदै रूस र अन्य देशहरूसँगको सम्बन्धलाई सुदृढ पार्ने आवश्यकतामा पनि ध्यान आकर्षित गरे।

## सुरक्षित इन्टरनेट दिवस

फेब्रुअरी १२ मा, न्यू सुम्रिमा स्कूलका विद्यार्थीहरूले सुरक्षित इन्टरनेट दिवसको सम्मानमा डिजिटल स्पेसमा बालबालिकाको सुरक्षा सम्बन्धी अन्तरक्रियात्मक सेसनमा भाग लिए। यो रसियन हाउससँगको सहकार्यमा आयोजना गरिएको थियो र डिजिटल उपकरणहरू र अनलाइन प्लेटफर्महरूको सुरक्षित र जिम्मेवार प्रयोगको बारेमा जागरूकता जगाउने उद्देश्यले गरिएको थियो।

यस्ता पहलहरूको निरन्तरताले शैक्षिक वातावरणको समग्र सुधारमा योगदान पुर्याउनेछ र नेपालमा रूसी शिक्षाप्रति विश्वास बढाउनेछ।

## महान् विजयको ८० औं वार्षिकोत्सव

मे महिनामा, रूसी हाउस र नेपालस्थित रूसी दूतावासले महान देशभक्तिपूर्ण युद्धमा विजयको ८० औं वार्षिकोत्सवप्रति समर्पित कार्यक्रमहरूको श्रृंखला आयोजना गरे, जसमा अमर रेजिमेन्ट, सेन्ट जर्ज रिबन र महान देशभक्तिपूर्ण युद्धका महत्त्वपूर्ण घटनाहरूप्रति  समर्पित प्रदर्शनी समावेश थियो। यी कार्यक्रमहरूले कूटनीतिक समूहका प्रतिनिधिहरू, नेपाली सार्वजनिक व्यक्तित्वहरू र रूसी भाषी समुदायलाई एकसाथ ल्याए, जसले साझा ऐतिहासिक स्मृतिमा एकता र गौरवको वातावरण सिर्जना गर्यो।

यसका साथै रसियन हाउसमा विजय दिवसको ८० औं वार्षिकोत्सवको अवसरप्रति  समर्पित गोलमेच सम्मेलन पनि आयोजना गरिएको थियो।आफ्ना साझेदार संस्थाहरूसँगको सहकार्यमा आयोजना गरिएको यस कार्यक्रमले शान्ति, दिगोपना र साझा इतिहासका महत्त्वपूर्ण मुद्दाहरूमा छलफल गर्यो। बैठक रुसी दूतावासलाई एकता र मित्रताको संयुक्त सन्देश सहित समाप्त भयो, जसले नेपाल र रुसबीचको बलियो सांस्कृतिक र कूटनीतिक सम्बन्धको पुष्टि गर्यो।

**महान विजयको ८० औं वार्षिकोत्सवप्रति समर्पित रूसी सदनका कार्यक्रमहरू सैन्य इतिहासको महत्त्व र पितृभूमिको लागि लड्नेहरूको वीरताको सम्झनालाई जोगाउने आवश्यकताको शक्तिशाली प्रतिक बन्यो।**

यसका साथै, महान् देशभक्तिपूर्ण युद्धमा विजयको ८० औं वार्षिकोत्सवको संयुक्त उत्सवको एक भागको रूपमा, काठमाडौँको चाबहिलमा रहेको राष्ट्रिय अर्किड बोर्डिङ स्कूलका विद्यार्थीहरूसँग भेटघाट गरिएको थियो।





## मित्र कुञ्ज

मे १६, २०२५ मा, रसियन हाउसले सोभियत र रूसी विश्वविद्यालयका स्नातकहरूको संघ "मित्र कुञ्ज" को ५८ औं वार्षिकोत्सव गर्वका साथ मनायो, जुन नेपाल र रूस बीचको बलियो मित्रता र पारस्परिक सम्मानको प्रतीक हो।

## रूस दिवस

जुन १२ मा, 'रूस दिवस' प्रति समर्पित कार्यक्रमहरूको एक भागको रूपमा, काठमाडौँ स्थित  रूसी हाउसमा एन.एन. नेक्रासोभको नाममा रहेको "ओर्फियस" टिभी र रेडियो केन्द्र अन्तर्गतको रूसी लोक वाद्ययन्त्रहरूको एकेडेमिक अर्केस्ट्राको कन्सर्ट आयोजना गरियो। संगीतकारहरूले एक विशेष कार्यक्रम प्रस्तुत गरे, जसमा प्रसिद्ध लोकगीतका हिटहरू र शास्त्रीय तथा लोक संगीतमा गरिएका रमाइला र अनौठा इम्प्रोभाइजेशनहरू समावेश थिए। कन्सर्टले कूटनीतिक नियोगका कर्मचारीहरू र आम जनतालाई एकै ठाउँमा ल्याएको थियो। यसको उद्घाटन रूसी कन्सुल आर्च्योम माक्सिमोभले गरेका थिए, जसले कला, साहित्य, संगीत र सांस्कृतिक आदानप्रदान मार्फत रूसी र नेपाली जनताबीचको सम्बन्धलाई सुदृढ पार्न सकिने कुरामा जोड दिएका थिए।

## आवेदकहरूको लागि परामर्श

२०२५ मा, रूसमा अध्ययन गर्न चाहने आवेदकहरूका लागि नियमित अनलाइन र अफलाइन परामर्शहरू जारी छन्। रूसी हाउसले २०२५/२६ शैक्षिक वर्षको लागि राज्य कोटा अन्तर्गत रूसी संघमा अध्ययन गर्न छात्रवृत्तिको लागि आवेदन दिने नेपाली विद्यार्थीहरूको लागि प्रतिस्पर्धात्मक अन्तर्वार्ताहरू आयोजना गरेको थियो। छात्रवृत्ति कार्यक्रममा भाग लिनको लागि कुल १६१ विद्यार्थीहरूले आवेदन दिएका थिए।

शिक्षाका सबै तहहरु: स्नातक, स्नातकोत्तर र विद्यावारिधिका कार्यक्रमहरूमा अध्ययन गर्न आवेदकहरूको लागि अन्तर्वार्ताहरू सञ्चालन गरिएको थियो।

**काठमाडौँस्थित रूसी सदन**

РУССКИЙ ДОМ

साझेदारहरू
HED
Higher Education Discovery

# विद्यार्थी ओलम्पियाड
# "म एउटा प्रोफेशनल हु"

**विद्यार्थीहरूको अखिल-रुस ओलम्पियाड "म एक पेशेवर हुँ" - स्नातक, विश◌ेषज्ञ र स्नातकोत्तर कार्यक्रमहरूमा, अनि आधारभूत र विशेष उच्च शिक्षामा रूसी विश्वविद्यालयहरूमा अध्ययन गर्ने विश्वभरका विद्यार्थीहरूका लागि सबैभन◌्दा ठूलो बहु-अनुशासनात्मक ओलम्पियाड हो। यो रूसी संघको विज्ञान तथा उच्च शिक्षा मन्त्रालयको सहयोगमा राष्ट्रिय परियोजना "युवा र बालबालिका" शिर्षक अन्तर्गतको संघीय परियोजना "र◌ूस - अवसरहरूको देश" को रूपरेखा भित्र लागू गरिएको छ।**

"म एक पेशेवर हुँ" ओलम्पियाडमा भाग लिनु भनेको आफूलाई प्रमाणित गर्ने र कुनै खास क्षेत्रमा उच्च स्तरको ज्ञान प्रदर्शन गर्ने मात्र नभई उत्कृष्ट रूसी कम्पनीहरूमा जागिर पाउने एउटा सुनौलो अवसर हो।

- १४ लाख सहभागीहरू
- १ लाख डिप्लोमा विजेताहरू
- ३,५०० पदक विजेताहरू

**ओलम्पियाड निम्न तालिमका क्षेत्रहरूमा आयोजना गरिन्छ:**

- कृषि-औद्योगिक कम्प्लेक्स र खाद्य प्रविधि
- हतियार र सैन्य उपकरण
- प्राकृतिक विज्ञान
- इन्जिनियरिङ विज्ञान र प्रविधि
- कला र मानविकी
- कम्प्युटर विज्ञान
- चिकित्सा र स्वास्थ्य सेवा
- शिक्षण विज्ञान
- सामाजिक-आर्थिक विज्ञान
- शारीरिक शिक्षा

## उत्कृष्ट सहभागीहरूका लागि पुरस्कारहरू

**अग्रणी रूसी विश्वविद्यालयहरूमा प्रवेश गर्दा विशेष सुविधाहरु पाउनाक◌ा लागि आवेदन दिन अनुमति दिने डिप्लोमा**

**ठूला रूसी कम्पनीमा इन्टर्नशिप (वरिष्ठ विद्यार्थीहरूको लागि)**

**उत्कृष्ट सहभागीहरूका लागि नगद पुरस्कार - पदक विजेताहरूका ल◌ागि**

(1 - 200 000 – 300 000 RUB, 2 – 150 000 – 200 000 RUB, 3 – 100 000 -150 000 RUB)

ओलम्पियाडका सहभागीहरूले ओलम्पियाडका साझेदार कम्पनीहरूमा इन्टर्नशिपका लागि र रिक्त पदहरूमा नियुक्ति प्राप्तिका लागि, मानव संसाधन विशेषज्ञहरूसँग परामर्श लिनाका लागि (डिप्लोमा विजेताहरू र ओलम्पियाडको अन्तिम चरणमा पुगेका सहभागीहरूका लागि जसले शून्य नतिजा हासिल गरेका छन्), अनलाइन कार्यक्रमहरू र कम्पनीहरूको भ्रमणहरूमा पहुँच पाउँछन्।

## ओलम्पियाडका आयोजकहरू

विद्यार्थी ओलम्पियाड आयोजकहरूको संघ "म एक पेशेवर(प्रोफेशनल) हुँ", ANO "रूस - अवसरहरूको देश", अखिल-रूसी रोजगारदाताहरूको संघ "रूसी उद्योगी र उद्यमी संघ" (RSPP), ३३ अग्रणी विश्वविद्यालयहरू।

ओलम्पियाडका सामान्य साझेदारहरू: स्बेरबांक(Sberbank PJSC), "रोस आटोम" स्टेट कर्पोरेशन, TMK PJSC, "गाजप्रोमब्यांक" JSC, "प्ल्युस" PJSC, "नोरिल्स्क निकेल" MMC PJSC, "अल्फा-ब्यांक" JSC, "रसियन रेल्वेज" OJSC, कृत्रिम बुद्धिमत्ताको क्षेत्रमा गठबन्धन, VTB बैंक PJSC, यांडेक्स।

# "म एक पेशेवर हुँ" ओलम्पियाडले

## तपाईंलाई आफ्नो सीप निखार्न र सम्बन्ध स्थापित गर्न मद्दत गर्नेछ।

**यदि तपाईं रूसी विश्वविद्यालयमा अध्ययन गर्दै हुनुहुन्छ र आफूलाई एक उच्च योग्य विशेषज्ञको रूपमा स्थापित गर्न चाहनुहुन्छ भने, अखिल-रूसी विद्यार्थी ओलम्पियाड "म एक पेशेवर हुँ" तपाईंलाई चाहिने कुरा हो! ओलम्पियाडमा सहभागिताले तपाईंलाई कुनै निश्चित क्षेत्रमा आफ्नो ज्ञानको स्तर परीक्षण गर्न, अग्रणी रूसी विश्वविद्यालयहरूमा विद्यावारिधि डिग्री, स्नातकोत्तर अध्ययन र रेसिडेन्सीमा प्रवेश गर्दा लाभहरू प्राप्त गर्न र ठूला विशेष कम्पनीमा इन्टर्नशिप पूरा गर्न मद्दत गर्नेछ, जुन तपाईंको करियरको लागि उत्कृष्ट सुरुवात हुन सक्छ।**

**आज, हाम्रो HED_people स्तम्भमा हाम्रा अतिथि "म एक पेशेवर हुँ" ओलम्पियाडका सहभागी, बंगलादेशका आलम मोहम्मद मुस्ताकिम बिन छन् , जो नोवोसिबिर्स्क स्टेट युनिभर्सिटीको भौतिकशास्त्र विभागका दोस्रो वर्षका स्नातक विद्यार्थी हुन्। उनी भौतिकशास्त्रप्रतिको आफ्नो लगावको बारेमा कुरा गर्छन् र यसमा भाग लिँदाको आफ्नो अनुभव, ओलम्पिक र त्यसको तयारी, साथै उनको सफलताको रहस्यलाई साझा गर्छन्।**



**नोवोसिबिर्स्क स्टेट युनिभर्सिटीको भौतिकशास्त्र विभागका दोस्रो वर्षका स्नातक विद्यार्थी आलम मोहम्मद मुस्ताकिम बिन, अन्तर्राष्ट्रिय खगोल विज्ञान र खगोल भौतिकशास्त्र प्रतियोगिता (IAAC) का विजेता, अल-रूसी विद्यार्थी ओलम्पियाड "म एक पेशेवर हुँ" का सहभागी।**

### "मेरो रोजाइ भौतिकशास्त्र हो।"

म बंगलादेशमा जन्मेको हुँ तर पढ्नको लागि रूस गएँ। सन् २०२१ मा, मैले नोवोसिबिर्स्क स्टेट युनिभर्सिटीमा पढ्नको लागि राज्य छात्रवृत्ति प्राप्त गरें। म हाल भौतिकशास्त्र विभागमा दोस्रो वर्षको स्नातक विद्यार्थी हुँ। मलाई खगोल विज्ञान सम्बन्धी वैज्ञानिक लेखहरू पढ्न मन पर्छ, म पुराना सिक्का, टिकट र प्राकृतिक ढुङ्गाहरू सङ्कलन गर्छु।

म सधैं भौतिकशास्त्रको बारेमा उत्साहित थिएँ र यसले प्रदान गर्ने अवसरहरूको अधिकतम सदुपयोग गर्न चाहन्थें। सन् २०२२ मा, मैले अन्तर्राष्ट्रिय खगोल विज्ञान र खगोल भौतिकी प्रतियोगिता (IAAC) मा भाग लिएं र रजत पदक प्राप्त गर्दै रूसको राष्ट्रिय विजेता बनें । सन् २०२४ मा मैले IAAC मा फेरि मेरो ज्ञानको परीक्षण गरें र रजत पदक जितें। सोही वर्ष, मैले IYMC मा रूसको विजेताको राष्ट्रिय पुरस्कार प्राप्त गरें।

## पहिचान प्राप्त गर्ने प्लेटफर्म

भाग लिनको लागि म सधैं ओलम्पियाडहरूको बारेमा जान्न प्रयास गर्ने गर्छु। पहिले, मैले अन्तर्राष्ट्रिय ओलम्पियाडहरूमा भाग लिएको थिएँ, तर जब म रूस आएँ, म स्थानीय विश्वविद्यालयका विद्यार्थीहरूसँग प्रतिस्पर्धा गर्न चाहन्थें। मैले स्नातक विद्यार्थीहरूको लागि कुनै पनि पूर्ण-रूसी परियोजनाहरूको बारेमा सुनेको थिईन। मेरो खोजले मलाई विषयगत न्यूजलेटरको सदस्यता लिन प्रेरित गर्यो। यसरी मैले "म एक पेशेवर हुँ" ओलम्पियाडमा भाग लिने अवसरको बारेमा बुझें र  प्रेरणाको श्रोत पनि प्राप्त गरें

जब मैले "म एक पेशेवर हुँ" ओलम्पियाडको बारेमा थाहा पाएँ, सुरुमा मलाई अनिश्चितता र आफूलाई बढी जान्नेसुन्ने भएको पो हो कि भन्ने पाखण्डी सिन्ड्रोमले सताएको थियो। तर मैले आत्म-विश्लेषणको मद्दतले यसको सामना गरें, प्राप्त गर्न सकिने लक्ष्यहरू राखें, भाग लिने निर्णय गरें र पछुतो भएन। ओलम्पियाडले मेरो व्यावसायिक विकासमा महत्त्वपूर्ण भूमिका खेलेको छ, व्यावसायिक सीपहरू निखार्न, मान्यता प्राप्त गर्न र बहुमूल्य सम्बन्धहरू बनाउन प्लेटफर्म प्रदान गरेको छ। मैले आलोचनात्मक रूपमा सोच्न, जटिल समस्याहरू समाधान गर्न र मेरो विषयवस्तुको विशेषज्ञता सुधार गर्न सिकें - जुन कुनै पनि पेशाको लागि नभई नहुने  महत्त्वपूर्ण गुणहरू हुन्। अनि सहभागी हुने अनुभवले मेरो बायोडाटामा धैरै सुधार ल्याएको छ र उद्योगका अग्रणीहरू र साथीहरूसँग नेटवर्किङ अवसरहरूको ढोका खोलेको छ।।

एक अन्तर्राष्ट्रिय विद्यार्थीको रूपमा, यो मेरो लागि आफ्नो  स्थिति बलियो बनाउने र सफलता हासिल गर्ने एउटा ठूलो अवसर हो। मेरो विश्वविद्यालय र रूसको लागि केही गर्न पाउनु मेरो लागि ठूलो सम्मानको कुरा हो।







## तपाईं "एकाग्रता" चाहेरै पनि गुमाउन सक्नुहुन्न।

तयारीको क्रममा केही रमाइला क्षणहरू पनि थिए। एक दिन हामीले गति संरक्षणको नियमलाई व्यवहारमा परीक्षण गर्ने निर्णय गर्यौं। हामीले समतल सतहमा भकुण्डो घुमाउने एउटा साधारण प्रयोग गर्यौं। हामीले परिवर्तनशील पिण्डले प्रणालीको गतिलाई कसरी असर गर्छ भनेर देखाउन एउटा कार्ट (गाडा) र विभिन्न आकार र तौलका धेरै भकुण्डोहरू प्रयोग गर्यौं। सबै कुरा सहज रूपमा चलिरहेको थियो जबसम्म हामी मध्ये एकले उक्त प्रक्रियालाई छिटो बनाउने सुझाव दिँदैन- केवल कार्ट वरिपरि बलहरू घुमाउनुको सट्टा, उसले कार्टमै ठूलो बलको हवाई प्रहार गर्ने निर्णय गर्यो! हामीले ठक्करको प्रभाव देखाउनु राम्रो विचार हो भन्ने सोच्यौं। अनि, बल सिधै कार्टतिर उडिरहेको बेला, कसैले कोण गलत हिसाब गर्यो, र बल छेउमा उफ्रियो... प्रयोगात्मक क्षेत्र बाहिर उभिएका प्रयोगशाला बीकरहरूको थुप्रोमा! ठूलो आवाजमा गिलास फुट्यो, र एक क्षणको लागि सबैजना स्थिर भए। भाग्यवश कसैलाई चोट लागेन, तर यो हाम्रो एकाग्रतामा गम्भीर धक्का थियो।

## आफ्नो सन्तुलन कायम राख्नु र हर कुरादेखि सूचित रहनु:

प्रभावकारी समय व्यवस्थापन र सीमा निर्धारणले सन्तुलन कायम राख्न मद्दत गर्छ। द्रुत गतिमा परिवर्तन भइरहेको उद्योगमा अद्यावधिक रहन निरन्तर सिकाइ र बुझाई आवश्यक छ, जुन मैले पाठ्यक्रमहरू, कार्यशालाहरू र अनलाइन समुदायहरू मार्फत हासिल गरेको छु। बाटोमा जतिसुकै बाधाहरू आए पनि, ती अवरोधहरू पार गर्नाले सफलताको बाटो बलियो हुन्छ।"

रोस्सात्रुद्रिछेस्त्भोको सहयोगमा


# विदेशीहरूको लागि रूसी उखानटुक्का र वाक्यांशशास्त्रीय एकाइहरू

# "बाँदरको काम"

**प्रिय साथीहरू! नमस्कार। के तपाईं यो लोकप्रिय अनि प्राय: प्रयोगमा आइरहने रुसी अभिव्यक्तिको विश्लेषण गर्न तयार हुनुहुन्छ, जुन विदेशीहरूले मात्र नभई कहिलेकाहीं धेरै रूसीहरूले पनि बुझ्दैनन्? यहाँ "बाँदरको काम" भनिएको छ। किन बाँदर नै भनियो? "हात्तीको मेहनत" पनि त भन्न सकिन्थ्यो ? अनि बाँदरले के चाहिं त्यस्तो काम गरेको थियो?**

## अब यसको अर्थ बुझौं

"बाँदरको काम" भन्ने वाक्यांशको एकाइ तब प्रयोग गरिन्छ जब कोही भन्न चाहन्छ कि काम कामको खातिर मात्र गरिएको थियो, लाभदायक र गुणस्तरीय परिणामको खातिर होइन, कसैलाई त्यस कामको आवश्यकता नै हुँदैन। कुनै व्यक्तिले धेरै प्रयास गर्यो, तरै पनि काम बेकार र अर्थहीन भयो।



hedclub.com

# उत्पत्ति (शुरुवाती स्रोत)

यस अभिव्यक्तिको उत्पत्तिको बारेमा कुनै विशेष मतभेद छैन। यहाँ लेखकले एउटा बाँदरको छविलाई प्रस्तुत गरेका छन् , जसले बडो मेहनतका साथ ठूलो काठको ब्लकलाई अगाडि पछाडि समातेर घुमाईरहेको थियो, यो काममा उसले बडो लगनशील भएर लागेको भएपनि, धेरै थाके तापनि, उसको कामको प्रशंशा कसैले गरेन, कसैले उसलाई श्यावासी पनि दिएन, किनकि उसको यस कामबाट कसैलाई कुनै फाइदा थिएन।

आइ.ए. क्रिलोभको यस कथालाई "द मंकी" भनिन्छ (१८११)। मंकीले यो सबै किन गर्यो ? उसले ठूलो क्षत्रफलको खेत जोत्ने एउटा मेहनती हलीले आफ्नो कामको लागि पाएको वाहवाहि देखेको थियो र उसलाई ईर्ष्या लाग्थ्यो, उ यस्तै प्रशंशा दुनियाँले आफूलाई पनि गरुन भन्ने चाहन्थ्यो। यसको लागि उसले मेहनत त गर्यो, तर त्यसको परिणाम भने उसले चाहेझैं ठ्याम्मै भएन। - "तिमीले कडा परिश्रम त गर्यौ, तर यसबाट कसैलाई कुनै फाइदा भने भएन।"

# प्रयोग

"बाँदरको काम" धेरै मानिसहरूले सामना गर्ने समस्या हो। "बाँदरको काम" भन्ने अभिव्यक्तिले हामीलाई कुनै पनि गतिविधिको लागि अर्थपूर्ण दृष्टिकोणको महत्त्वको सम्झना गराउँछ - अध्ययन गर्नु, काम गर्नु, कडा परिश्रम गर्नु मात्र प्रमुख होइन, बुद्धिमानीपूर्वक गर्नु सबैभन्दा महत्त्वपूर्ण छ।

# पर्यायवाची (समानार्थी) शब्दहरु


- व्यर्थ काम
- व्यर्थ पेशा
- खाली चिन्ता
- व्यर्थ श्रम
- परिणामहीन श्रम
- व्यर्थ प्रयास
- लक्ष्यहीन गतिविधि
- अन्धो श्रम

**"बाँदरको काम" भन्ने वाक्यांश रूसी आलोचक डी.आई. पिसारेभको कारणले लोकप्रिय भयो। यो वाक्यांश दन्त्यकथामा छैन। यो पिसारेभ नै थिए जसले लोकप्रिय अभिव्यक्तिलाई आज हामीले थाहा पाएको अर्थ र रूपमा प्रयोग गरे - बेकार प्रयास, मेहनत, जोसिलो गतिविधिको नक्कल, जसले कुनै परिणाम निम्त्याएन।**



# परियोजनामा सहभागी विश्वविद्यालयहरूको HED नक्सा






रूसी संघका नयाँ राज्यहरू: डोनेट्स्क र लुगान्स्क जन गणतन्त्र, जापोरिजिया र खेरसन क्षेत्रहरू (संघीय संवैधानिक कानून नम्बर ५-FCL, नम्बर ६-FCL, नम्बर ७-FCL, नम्बर ८-FCL, मिति (०४.१०.२०२२)



# सेन्ट पिटर्सबर्गस्थित हाइयर स्कूल अफ इकोनोमिक्स

स्थापना वर्ष – १९९८ ई.सं.

**12**
पूर्ण अंग्रेजी भाषाका कार्यक्रमहरू

**3**
विदेशी विश्वविद्यालयहरूसँग डबल डिग्री कार्यक्रमहरू

**24**
अनुसन्धान केन्द्रहरू र प्रयोगशालाहरू

**20**
स्नातक (ब्याचलर) कार्यक्रमहरू

**27**
स्नातकोत्तर (मास्टर्स) कार्यक्रमहरू

**11**
विद्यावारिधि कार्यक्रमहरू

**8 000+**
विद्यार्थीहरू

**12,6%**
विदेशी विद्यार्थीहरू

spb.hse.ru
vk.com/hse_spb
t.me/spbhse

राष्ट्रिय अनुसन्धान विश्वविद्यालय "सेन्ट पिटर्सबर्गस्थित हाइयर स्कूल अफ इकोनोमिक्स - रूसको अग्रणी अनुसन्धान विश्वविद्यालयको सेन्ट पिटर्सबर्ग क्याम्पस, जसको 'विशेषज्ञ तथा परियोजना' गतिविधिहरूले अर्थशास्त्र र व्यवस्थापनदेखि डिजाइन र भाषाशास्त्रसम्मका विस्तृत क्षेत्रहरूलाई समेट्छ। सेन्ट पिटर्सबर्गमा रहेको यस HSE क्याम्पसले सामाजिक, आर्थिक र मानवीय विज्ञानको क्षेत्रमा रूसमा अग्रणी स्थान ओगटेको छ।

**प्रति वर्ष ट्युसन शुल्क**

**स्नातक डिग्री – ३८०० USD देखि**

**स्नातकोत्तर डिग्री – ३१०० USD देखि**

**विद्यावारिधि – ६००० USD देखि**

**चार क्याम्पसहरु - एउटा विश्वविद्यालय**
मस्को, सेन्ट पिटर्सबर्ग, पर्म र निझ्नि नोभगोरोद

| | |
|---|---|
| QS World University Rankings | 410 |
| THE World University Rankings | 401-500 |
| THE World University Rankings | 87 Young University Rankings |
| Shanghai Ranking | 701-800 |
| RAEX | 6 |

रुस, सेन्ट पिटर्सबर्ग

## अध्ययनका लोकप्रिय क्षेत्रहरू

- वित्त (फिनान्स)
- व्यवस्थापन
- अर्थशास्त्र
- राजनीतिशास्त्र
- समाजशास्त्र
- मिडिया कम्युनिकेशन
- डिजाइन
- व्यावहारिक गणित र कम्प्युटर विज्ञान

## शैक्षिक प्रक्रियाका विशेषताहरू

- व्यक्तिगत सिकाइ मार्ग: ऐच्छिक पाठ्यक्रमहरूको उपलब्धता
- माइनर - पढाईको प्रमुख दिशामा अतिरिक्त विशेषज्ञता (मास्टर डिग्रीको लागि - MagoLego)
- डिजिटल साक्षरता र अंग्रेजी भाषाका लागि अनिवार्य विषयहरू
- 'अन्तर्राष्ट्रिय शैक्षिक गतिशीलता कार्यक्रम' अन्तर्गत विदेशी विश्वविद्यालयमा एक वा दुई सेमेस्टर अद्धयन गर्न पाउने अवसर
- विश्वविद्यालयका औद्योगिक साझेदारहरूसँग परियोजना विषयहरू र इन्टर्नशिपहरू

## अन्तर्राष्ट्रिय समर स्कूल HSE युनिभर्सिटी - सेन्ट पिटर्सबर्ग

विदेशीहरूका लागि, समर स्कूल भनेको यो हो

- HSE विश्वविद्यालय - सेन्ट पिटर्सबर्गमा शैक्षिक प्रक्रिया र वित्त र अर्थशास्त्र, राजनीति विज्ञान र अन्तर्राष्ट्रिय सम्बन्ध, डिजाइन र मिडिया सञ्चारका उत्कृष्ट पाठ्यक्रमहरूसँग छिटो परिचित हुने अवसर
- शहरको अद्भुत संस्कृतिको संसारमा डुबुल्की : नदी र नहरहरूमा शैक्षिक भ्रमण, पुरानो शहरको केन्द्रको अन्वेषण, पिटरहफ र वास्तुकलाका अन्य उत्कृष्ट कृतिहरूको भ्रमण

समर स्कूलको समयमा, सहभागीहरूलाई HSE विश्वविद्यालय - सेन्ट पिटर्सबर्ग छात्रावासमा स्थान प्रदान गरिन्छ।

**अध्ययनको अवधि:** २ हप्ता - १ महिना

## रूसी भाषा र संस्कृति केन्द्र

सन् २०२५ मा, HSE युनिभर्सिटी सेन्ट पिटर्सबर्गले सेन्ट पिटर्सबर्ग स्कूल अफ ह्युम्यानिटीज एण्ड आर्ट्समा रूसी भाषा र संस्कृति केन्द्र खोल्यो। विदेशी भाषाको रूपमा रूसी भाषा केन्द्रले अन्तर्राष्ट्रिय आवेदकहरूका लागि विभिन्न पाठ्यक्रमहरू प्रदान गर्दछ। ती मध्ये मुख्य स्नातक र मास्टर डिग्री कार्यक्रमहरूमा प्रवेशको लागि तयारी गर्न रूसी भाषा पाठ्यक्रम पनि समावेश छ।

विदेशी भाषाको रूपमा रूसी भाषा केन्द्रले लचिलो पाठ्यक्रम ढाँचा प्रदान गर्दछ। विद्यार्थीहरूले आफ्नो लागि सबैभन्दा सुविधाजनक ढाँचा छनौट गर्न सक्षम हुनेछन्: अफलाइन वा अनलाइन। यसले कार्यक्रममा विद्यार्थीहरूको फराकिलो दायरालाई आफ्नो अध्ययन सुरु गर्न अनुमति दिनेछ। सेन्ट पिटर्सबर्गमा रूसी भाषा अध्ययन गर्ने निर्णय गर्ने विद्यार्थीहरूका लागि, विश्वविद्यालयले आरामदायी विद्यार्थी छात्रावासमा ठाउँहरू प्रदान गर्नेछ।

**अन्तर्राष्ट्रिय समर स्कूलको बारेमा थप जानकारी लिङ्कमा छ**

**रूसी भाषा र संस्कृति केन्द्र**

# HSE विश्वविद्यालय - सेन्ट पिटर्सबर्गमा भर्नाका लागि मार्गहरू

**1**

**सन् २०२५ मा, HSE विश्वविद्यालय - सेन्ट पिटर्सबर्गले विदेशी नागरिकहरूका लागि रूसी सरकारबाट २००+ सरकारी छात्रवृत्ति प्रदान गर्दछ।**

शैक्षिक कार्यक्रमहरूअन्तर्गत सिफारिसहरूको आधारमा HSE छनोट आयोगद्वारा राज्य छात्रवृत्ति प्रदान गरिन्छ। यसले शिक्षण शुल्कको १००% कभर गर्दछ।

- स्नातक (ब्याचलर डिग्री) कार्यक्रमका आवेदकहरूका लागि - प्रवेश परीक्षाको नतिजाको आधारमा
- मास्टर डिग्री कार्यक्रमका आवेदकहरूका लागि - पोर्टफोलियो प्रतियोगिता र शैक्षिक कार्यक्रम अन्तर्गत लीईएको अन्तर्वार्ताको आधारमा

**2**

**ओलम्पियाडहरू**

- **"अन्तर्राष्ट्रिय युवा ओलम्पियाड" र "उच्च मापदण्ड" - स्नातक डिग्रीका आवेदकहरूका लागि**
- **"ओपन डोर्स इन्टरनेशनल ओलम्पियाड" "ग्लोबल युनिभर्सिटीज एसोसिएसन" र "उच्च लिग" बाट - मास्टर डिग्रीका आवेदकहरूका लागि**

सफल समापनले विदेशी आवेदकहरूलाई रूसी सरकारको छात्रवृत्तिको खर्चमा छनोट गरिएको दिशाको ढाँचा भित्र विश्वविद्यालयमा नि:शुल्क अध्ययन गर्ने अधिकार दिन्छ।

**3**

**विदेशी नागरिकहरूको लागि आंशिक अनुदान**

प्रवेश परीक्षा वा पोर्टफोलियो प्रतियोगिताको कुल स्कोरको आधारमा विदेशी नागरिकहरूलाई शिक्षण शुल्कको २५-७०% सम्म कभर गर्ने अनुदान प्रदान गरिन्छ।

**4**

**रोस्सत्रुद्रिछेस्त्भो मार्फत प्रवेश**

तपाईंले वेबसाइट education-in-russia.com आवेदन पेश गरेर र आफ्नो देशको रूसी हाउसमा छनोट प्रक्रिया पास गरेर कोटा प्राप्त गर्न सक्नुहुन्छ।

सन् २०२५ मा, HSE युनिभर्सिटी - सेन्ट पिटर्सबर्गले रोस्सत्रुद्रिछेस्त्भो मार्फत प्रवेशको लागि १० स्थानहरू प्रदान गर्दछ।

**महत्त्वपूर्ण! HSE युनिभर्सिटीमा कोटा प्राप्त गर्न, तपाईंले विश्वविद्यालयमा प्रवेश परीक्षा पनि पास गर्नुपर्छ।**

HSE युनिभर्सिटीको प्रतियोगितामा भाग लिनको लागि आवेदन दिन, तपाईंले विदेशी आवेदकको व्यक्तिगत खातामा आफुलाई दर्ता गर्नुपर्छ र कागजातहरूको प्याकेज अपलोड गर्नुपर्छ। छनोट कार्यक्रमहरू अनलाइन र अफलाइन आयोजित गरिन्छन्। व्यक्तिगत खातामा दर्ता कार्य नोभेम्बर १, २०२४ देखि खुला छ।

**एडमिसन कमिटी**

+7981881-03-31स्नातक डिग्री
+7911941-32-47स्नातकोत्तर डिग्री
iadmission-spb@hse.ru
vk.com/hsespbinternational
t.me/hsespbinternational









## आरामदायी बसोबास र अध्ययन वातावरण

- रूसी संघ सरकारबाट प्रदत्त सरकारी छात्रवृत्तिमा अध्ययन गर्ने विदेशी विद्यार्थीहरूले HSE विश्वविद्यालय - सेन्ट पिटर्सबर्गको आफ्नै छात्रावासमा स्थान पाउँछन्।
- शुल्क तिर्ने आधारमा अध्ययन गर्ने वा आफ्नो अध्ययनको लागि आंशिक अनुदान प्राप्त गरेका विद्यार्थीहरूलाई पनि छात्रावासमा स्थान प्राप्त गर्ने अवसर दिइन्छ।
- HSE विश्वविद्यालयका शैक्षिक भवनहरू नवीनतम पूर्वाधार भएका आरामदायी भवनहरू हुन्: जस्तै पुस्तकालयहरू, क्यान्टिनहरू, क्याफेहरू, सह-कार्य गर्ने ठाउँहरू।

**HSE युनिभर्सिटी सेन्ट पिटर्सबर्गमा विद्यार्थी जीवनका अतिरिक्त क्रियाकलापहरु निम्न छन् :**

- भाषागत र राष्ट्रिय क्लबहरू, सांस्कृतिक उत्सवहरू
- केस क्लबहरू, उद्यमशीलता केन्द्र, बहस क्लबहरू, संयुक्त राष्ट्र मोडेल
- विद्यार्थी परिषद, क्युरेटरहरूको संस्थान, वैज्ञानिक समुदायहरू र अरु थुप्रै।

## तपाईहरुको क्यारियरको हेरचाहका लागि

HSE युनिभर्सिटी क्यारियर विकास केन्द्र - सेन्ट पिटर्सबर्गले वार्षिक रूपमा विद्यार्थीहरूको लागि क्यारियर कार्यक्रमहरूको श्रृंखला आयोजना गर्दछ: जस्तै क्यारियर हप्ता, उच्च क्यारियर स्कूल, अभिमुखीकरण हप्ता।

केन्द्रका विशेषज्ञहरूले, साझेदार कम्पनीहरूसँग मिलेर, विद्यार्थीहरूलाई उनीहरूको भविष्यको क्यारियर मार्गहरू निर्माण गर्न, परामर्श सञ्चालन गर्न र विद्यार्थीहरू र रोजगारदाताहरूलाई जोड्न मद्दत गर्छन्।

**HSE विश्वविद्यालय 'QS स्नातक रोजगारी २०२२' को श्रेणीकरणको शीर्ष २५० मा रहेको छ, जसले यहाँका स्नातकहरूको उच्च माग भएको देखाउँछ।**




# भ्यात्का स्टेट एग्रोटेक्नोलोजिकल (राज्य कृषि प्रविधि) विश्वविद्यालय

स्थापना वर्ष – १९३० ई.सं.

| | | |
|---|---|---|
| **21** स्नातक (ब्याचलर) कार्यक्रमहरू | **3** विशेषज्ञ(स्पेश्लिस्ट) कार्यक्रमहरू | **16** स्नातकोत्तर (मास्टर्स) कार्यक्रमहरू |
| **23** विद्यावारिधि कार्यक्रमहरू | **16** कलेज कार्यक्रमहरू (SPO) | **3** इंस्टीच्युटहरु |
| **13** विभागहरू | **1** कलेज | **4 355** १५ देशका विदेशी विद्यार्थीहरू सहित विद्यार्थीहरू |

भ्यात्का राज्य कृषि प्रविधि विश्वविद्यालयले कृषि विज्ञान, जीवविज्ञान, पशु विज्ञान, पशु चिकित्सा विज्ञान, कृषि इन्जिनियरिङ र अर्थशास्त्रका क्षेत्रमा प्रशिक्षण दिएर विशेषज्ञहरु तयार गर्दछ।

विश्वविद्यालयले रूसी संघको कृषि-औद्योगिक क्षेत्रका सबैभन्दा ठूला उद्यमहरूसँग सहकार्य गर्दछ, जुन व्यावहारिक प्रशिक्षणका लागि अनि विद्यार्थी र स्नातकहरूकै लागि पनि रोजगारीका ठाउँ हुन्।

vgatu.ru
t.me/vgatu1930
vk.com/info.vgatu
vk.com/international_department_vgatu

**प्रति वर्ष ट्युसन शुल्क**
**फुल टाइम फर्म्याट**
**कलेज ७५,००० - ९०,००० रूबल**
**स्नातक डिग्री, विशेषज्ञ डिग्री १३६,००० - १६०,००० रूबल**
**स्नातकोत्तर डिग्री १५०,००० - १७०,००० रूबल**
**विद्यावारिधि डिग्री १८५,००० - १९५,००० रूबल**

Univer.EXPERT

**35** कृषि विश्वविद्यालयहरू मध्ये ३५ औं

Hap

**3** संघीय जिल्ला भोल्गाका कृषि विश्वविद्यालयहरू मध्ये तेश्रो

रूस, किरोभ क्षेत्र, किरोभ

## भर्ना

- जुन २०, २०२५ देखि भर्ना अभियानको सुरुवात
- अगस्ट २०, २०२५ सम्म सम्झौता (कन्ट्र्याक्ट) का आधारमा कागजातहरू बुझी लिने
- अगस्ट २५, २०२५ सम्म कन्ट्र्याक्टका आधारमा भर्ना गरिने

**प्रवेश परीक्षाहरू व्यक्तिगत रूपमा र अनलाइन आयोजित गरिन्छ:**

- स्नातक कार्यक्रमहरूको लागि: तीन विषयहरूमा परीक्षा
- स्नातकोत्तर कार्यक्रमहरूको लागि: अध्ययनको क्षेत्रसंग सम्बन्धित टेस्ट
- विद्यावारिधि कार्यक्रमहरूको लागि: विशेष विषयमा परीक्षा

**शैक्षिक कार्यक्रमहरू अन्तर्गत स्नातक, स्नातकोत्तर, विद्यावारिधि स्तरमा अध्ययन निम्न रुपले सम्भव छ:**

- अनुबंधित (कन्ट्र्याक्ट) शुल्कका आधारमा
- रूसी संघको सरकारको कोटा अन्तर्गत



## आवेदकको गाइड

1. आवश्यक कागजातहरूको प्याकेज तयार गरेर priem@vgatu.ru इमेल मार्फत वा आवेदकको व्यक्तिगत खाता मार्फत पठाउन सकिनेछ। कुनैपनि जानकारी (इन्फर्मेशन) भर्दा रुसी भाषा मात्र प्रयोग हुनेछ।
   - राहदानी र नोटरीकृत अनुवाद
   - वैधानिक प्रक्रिया अनुरुप स्थापित शैक्षिक कागजातहरू र ग्रेडहरू सहितको ट्रान्सक्रिप्टहरू, र तिनको नोटरी गरिएको अनुवाद
   - विदेशी शिक्षाको मान्यता प्रमाणपत्र (यदि आवश्यक भएमा)
   - फोटो - ३×४ सेमी
   - मोटिभेश्नल लेटर (स्नातकोत्तर/विद्यावारिधि अध्ययनको लागि)
   - प्रकाशनहरू (पब्लिश्ड म्याटेरियल्स) को सूची (विद्यावारिधि अध्ययनको लागि)
2. प्रवेश परीक्षा पास गर्नुहोस्
3. विश्वविद्यालयबाट इन्भीटेशन लेटर प्राप्त गर्नुहोस् र रूसको विद्यार्थी भिसाको लागि आवेदन दिनुहोस्
4. कृपया आगमन-मिति बारे जानकारी गराउनुहोस्।

विदेशी विद्यार्थीहरूसँग काम गर्ने विभाग
+7 8332 57-43-59
ip@vgatu.ru





## प्रिपेरेटरि फ्याकल्टी

कार्यक्रम " रुसी भाषामा हुने 'व्यावसायिक शैक्षिक कार्यक्रमहरू' मा दक्षता हासिल गर्न  विदेशी नागरिक र राज्यविहीन व्यक्तिहरूलाई गराइने तयारी"।

**ट्युसन शुल्क:**
**110 000- 150 000 RUB**

### अध्ययनका लोकप्रिय क्षेत्रहरू

- कृषि विज्ञान
- कृषि उत्पादनहरूको उत्पादन र प्रशोधन प्रविधि
- जीवविज्ञान (प्रोफाइलहरु: शिकार व्यवस्थापन ; जैविक पारिस्थितिकी)
- पशु विज्ञान (प्रोफाइल: दूध र दुग्धजन्य पदार्थ उत्पादनको प्राविधिक प्रक्रियाहरूको व्यवस्थापन)
- पशु चिकित्सा विज्ञान
- कृषि इन्जिनियरिङ
- यातायात तथा प्राविधिक मेसिन र कम्प्लेक्सहरूको सञ्चालन
- अर्थशास्त्र
- व्यवस्थापन
- आर्थिक सुरक्षा

**महत्त्वपूर्ण! "कृषि इन्जिनियरिङ", "यातायात तथा प्राविधिक मेसिन र कम्प्लेक्सहरूको सञ्चालन", "पशु चिकित्सा विज्ञान" जस्ता तालिम कार्यक्रमहरूमा भर्ना हुन तपाईंले आफ्नो देशमा चिकित्सा परीक्षा (हेल्थ जाँच) गर्नुपर्छ र निरोगिताको प्रमाण पत्र लिनुपर्छ।**

### रूसी भाषा सिक्नेका लागि सुझावहरू

**सिक्ने सुरुवाती चरणमा मुख्य कठिनाई लिखित भाषा हो।**

- फोनेटिक्स र शब्दहरूको हिज्जेमा विशेष ध्यान दिनुहोस्, किनकि लेखनले पढ्ने, बोल्ने, व्याकरण, शब्दावली सिक्नमा महत्त्वपूर्ण सहयोगी भूमिका खेल्छ
- मौखिक भनाईलाई टिपोट गर्न सिक्नुहोस्:
  - रूसीमा पढ्नुहोस्
  - रूसी संगीत सुन्नुहोस्
  - रूसी चलचित्रहरू हेर्नुहोस्
- सिकाईको सुरुवातदेखि नै रूसी बोल्न सुरु गर्नु महत्त्वपूर्ण छ। गल्ती होला भनेर नडराउनुहोस्: सबैले गल्ती गर्छन्!
- शिक्षकले तपाईं रूसी बोल्न प्रयास गर्दै हुनुहुन्छ भन्ने कुराको कदर गर्नुहुनेछ र तपाईंलाई बुझ्ने प्रयास गर्नुहुनेछ
- रूसी भाषा अभ्यास गर्न रूसमा आउनुहोस्

**रूसी भाषा सिक्ने सबै चरणहरूमा आफ्नो लेखन र बोल्ने सीप सुधार गर्न नछोड्नु महत्त्वपूर्ण छ।**

## पूर्वाधार

- ब्रान्डेड र डिजिटल अडिटोरियमहरू
- १५ वैज्ञानिक प्रयोगशालाहरू
- पशु चिकित्सा क्लिनिक
- वैज्ञानिक उपकरणहरूको सामूहिक प्रयोगको लागि केन्द्र "एग्रोबायोटेक्नोलोजी"
- एग्रोटेक्नोपार्क
- जैविक संकायको संग्रहालय-प्रयोगशाला, रोग विज्ञान शारीरिक संग्रहालय, परजीवी संग्रहालय, भूगर्भ र प्राकृतिक इतिहास संग्रहालय
- सैन्य प्रशिक्षण केन्द्र



**वंश पुरी, भारत**

म भ्यात्का स्टेट टेक्निकल युनिभर्सिटीको जीवविज्ञान र पशु चिकित्सा संस्थानमा अध्ययन गरिरहेको छु। मैले पशु चिकित्सा विज्ञान अध्ययन गर्न सचेत रूपमा यो विश्वविद्यालय रोजेको छु। यस विश्वविद्यालयको ९५ वर्षभन्दा लामो इतिहास छ र यसलाई रूसको सबैभन्दा सम्मानित शैक्षिक संस्थाहरू मध्ये एक मानिन्छ।

वैज्ञानिक र व्यावहारिक दुवै गतिविधिहरूमा व्यापक अनुभव भएका उच्च योग्य शिक्षकहरू यहाँ काम गर्छन्। तिनीहरूले प्रत्येक विद्यार्थीको हेरचाह गर्छन्, विषयको गहिरो अध्ययन गर्न र व्यवहारमा ज्ञान लागू गर्न मद्दत गर्छन्।

शैक्षिक प्रक्रिया आधुनिक मेथोडोलोजी र प्रविधिहरू प्रयोग गरेर उच्च स्तरमा व्यवस्थित गरिएको छ। थप रूपमा, विदेशी विद्यार्थीहरूको लागि अंग्रेजीमा कार्यक्रम उपलब्ध छ, जसले प्रशिक्षणलाई सहज, प्रभावकारी र सकेसम्म बुझ्न सकिने बनाउँछ।

## विदेशी विद्यार्थीहरूको अनुकूलन(एड्पटेशन)

- रूसी भाषी समूहहरूको समावेशीकरण, वरिष्ठ विद्यार्थी स्वयंसेवकहरूको नियुक्ति
- "रूसी भाषा स्कूल" मा उन्नत प्रशिक्षण
- विश्वविद्यालयको वैज्ञानिक, सांस्कृतिक, रचनात्मक वातावरणमा संलग्नता
- विश्वविद्यालयको अद्वितीय संग्रहालय परिसरहरूमा भ्रमण, र पाठ्यक्रमको रूपरेखा भित्र किरोभ शहर र किरोभ क्षेत्रका संग्रहालयहरूमा "रूसको संस्कृति" को अध्ययन

## क्याम्पस

सबै विदेशी विद्यार्थीहरूलाई शैक्षिक भवनहरूदेखि पैदल दूरीमै अवस्थित र त्यो पनि शहरको सेन्टरमै अनि कम लागतमा आरामदायी छात्रावासहरूमा ठाउँहरू प्रदान गरिन्छ।



**सरकारी बजेट अन्तर्गत अध्ययन गर्ने र कुनै पनि विषयमा फेल नभएका सबै विदेशी विद्यार्थीहरूले प्रति महिना ५,००० देखि १०,००० रूबलसम्मको छात्रवृत्ति पाउँछन्। विश्वविद्यालयको अन्तर्राष्ट्रिय, सांस्कृतिक र खेलकुद कार्यक्रमहरूमा सक्रिय सहभागिताको लागि, छात्रवृत्तिमा वृद्धि हुन सक्ने अवसर छ।**



# एडमिरल एफ. एफ. उशाकोभको नाममा रहेको 'द स्टेट मेरीटाइम युनिभर्सिटी'

स्थापना वर्ष -१९७५ ई.सं.

| | | |
|---|---|---|
| **3** इंस्टीच्युटहरु | **4** संकायहरु (फ्याकल्टीहरु) | **9** स्नातक (ब्याचलर) कार्यक्रमहरू |
| **6** विशेषज्ञ(स्पेश्लिस्ट) कार्यक्रमहरू | **7** स्नातकोत्तर (मास्टर्स) कार्यक्रमहरू | **9** विद्यावारिधि कार्यक्रमहरू |
| **2** कलेजहरू | **10** विज्ञान विद्यालयहरू | **10 000+** विद्यार्थीहरू |

एडमिरल एफ. एफ. उशाकोभ स्टेट मेरिटाइम युनिभर्सिटी जल यातायातको सबैभन्दा ठूलो विश्वविद्यालय हो र रूसको दक्षिणमा रहेको एक मात्र विश्वविद्यालय हो जसले ढुवानी कम्पनीहरू, जहाज निर्माण र जहाज मर्मत यार्डहरू, जल यातायात उद्यमहरू, बन्दरगाहहरू र यातायात टर्मिनलहरूको लागि समुद्री विशेषज्ञहरूलाई तालिम दिन्छ।

२०१३ देखि, विश्वविद्यालयलाई समुद्री र नदी यातायातको लागि संघीय एजेन्सीद्वारा वार्षिक रूपमा "इन्डस्ट्री लिडर" को उपाधि प्रदान गरिएको छ।



वार्षिक शिक्षण शुल्कको अनुमानित लागत

२४०,००० रूबल

www.aumsu.ru

vk.com/aumsu

youtube.com/gmunvrsk

**२ शाखाहरू:**

- रोस्तोभ-ना -दानु
- सेभास्टोपोल

Hap

**शीर्ष-५००**

राष्ट्रिय समग्र मूल्याङ्कन - २०२३

- 'क्रास्नोदार्स्कि क्राई' का टेक्निकल तथा टेक्नोलोजिकल विश्वविद्यालयहरूको मूल्याङ्कन - १० मध्ये ३
- 'क्रास्नोदार्स्कि क्राई' का यातायात विश्वविद्यालयहरूको मूल्याङ्कन - ५ मध्ये १

रूस, क्रास्नोडार क्षेत्र, नोभोरसिस्क

## अध्ययनका दिशाहरू

कलेज (K), स्नातक डिग्री (B), स्नातकोत्तर डिग्री (M), विशेषज्ञ डिग्री (S)

- नेभिगेसन (K, S)
- जहाज-पावर प्लान्टहरूको सञ्चालन (K, S)
- जहाज-विद्युतीय उपकरणको सञ्चालन र स्वचालन (S)
- स्थलगत यातायात तथा प्राविधिक संसाधन् (S)
- यातायात रेडियो उपकरणको प्राविधिक सञ्चालन (S)
- भन्सार मामिला (S)
- मेकाट्रोनिक्स र रोबोटिक्स (K, B)
- सूचना प्रणाली र प्रोग्रामिङ (K)
- प्राकृतिक प्रणालीहरूको वातावरणीय सुरक्षा (K)
- सूचना प्रणाली र प्रविधिहरू (B, M)
- सूचना सुरक्षा (B)
- प्रविधि क्षेत्रको सुरक्षा (B, M)
- परिवहनमा यातायात र व्यवस्थापनको संगठन (K)
- लिफ्टिङ तथा ढुवानी, निर्माण, सडक मेसिन र अरु उपकरणहरूको प्राविधिक सञ्चालन (K)
- यातायात प्रक्रियाहरूको प्रविधि (B, M)
- यातायात - प्राविधिक मेसिनहरु तथा परिसरहरूको सञ्चालन (B, M)
- जल यातायात व्यवस्थापन र ढुवानीको लागि हाइड्रोग्राफिक समर्थन (B, M)
- जहाज निर्माण, समुद्री इन्जिनियरिङ र समुद्री पूर्वाधार सुविधाहरूको प्रणाली इन्जिनियरिङ (सिस्टम इन्जिनियरिंग) (B)
- नर्सिङ (K)
- अर्थशास्त्र र लेखा (K)
- रसद (लजिस्टिक) सम्बन्धि सञ्चालन गतिविधिहरू (K)
- जल यातायातको प्रविधि र व्यावसायिक प्रक्रियाहरूको इन्जिनियरिङ तथा आर्थिक सहयोग (B)
- अर्थशास्त्र (B, M)
- राज्य तथा नगरपालिका सरकार (B)
- न्यायशास्त्र (K, B, M)
- सामाजिक सुरक्षाको कानून र संगठन (K)
- राष्ट्रिय सुरक्षाको कानूनी समर्थन (S)

## विज्ञान विद्यालयहरू

- विभिन्न सञ्चालन अवस्थाहरूमा सुरक्षित नेभिगेसन र कुशल जहाज नियन्त्रण सुनिश्चित गर्ने
- जहाज पावर प्लान्टहरूको मुख्य र सहायक तत्वहरूको कार्यात्मक विश्वसनीयता
- जहाज पावर प्लान्टहरूको प्राविधिक सञ्चालन र दक्षतामा सुधार गर्ने
- बन्दरगाह प्रणाली र यातायात परिसरहरूको सञ्चालन, जल यातायातको एकीकृत सिद्धान्त
- जल यातायातमा वातावरणीय सुरक्षा सुनिश्चित गर्ने
- समुद्री यातायात गतिविधिहरूको लागि कानुनी नियमन र नियामक समर्थन
- विश्वव्यापीकरणको सन्दर्भमा आर्थिक सिद्धान्त र अभ्यासका वर्तमान मुद्दाहरू (यातायात पक्ष)
- समुद्री यातायातका विशेषज्ञहरूलाई तालिम दिने शैक्षिक र पद्धतिगत पक्षहरू

## अनुसन्धान प्रयोगशालाहरू

- अनुसन्धान प्रयोगशाला "समुद्रीस्वचालित परिसरहरूको "3D मोडलिङ"
- अनुसन्धान प्रयोगशाला "समुद्री स्वचालित परिसरहरूको नियन्त्रण प्रणाली"

विश्वविद्यालयको बारेमा

भर्चुअल भ्रमण

खुला दिन

अन्तर्राष्ट्रिय विद्यार्थीहरूको लागि प्रवेश (भर्ना) कार्यालय

+7 8617 76-78-10, +7 8617 71-63-03

pcom@aumsu.ru

**अन्तर्राष्ट्रिय गतिविधिहरू सम्बन्धि प्रश्नहरूका लागि**

Kovalevaos81@gmail.com

रूसका विश्वविद्यालयहरू। SMU (एडमिरल एफ. एफ. उशाकोभको नाममा रहेको)



**स्नातक र स्नातकोत्तर डिग्री कार्यक्रम**

**जल यातायात व्यवस्थापन**

**र ढुवानीको हाइड्रोग्राफिक समर्थन।**

- यो कार्यक्रम यातायात उद्योग र औद्योगिक तथा व्यावसायिक उद्यमहरूको यातायात विभाग अन्तर्गतका उद्यमहरूका लागि कर्मचारीहरूलाई तालिम दिने उद्देश्यले गरिएको हो।
- स्नातकहरु निम्न समस्याहरू समाधान गर्न तयार हुनेछन् - विभिन्न प्रकारका यातायात प्रयोग गरेर सामान र यात्रुहरूको डेलिभरी व्यवस्थित गर्ने, तिनीहरूको प्रभावकारी अन्तरक्रिया (बहुविधिक यातायात) सुनिश्चित गर्ने, यातायात उद्यमको कामको व्यवस्थापन व्यवस्थित गर्ने।
- इन्टेन्सिभ भाषा प्रशिक्षणले राम्रो सञ्चार कौशल र विदेशी साझेदारहरूसँग स्वतन्त्र रूपमा काम गर्ने तत्परताको विकास गर्छ।

**स्नातकहरूको रोजगारी:**

**समुद्री र नदी बन्दरगाहहरु,**

**रसद (लजिस्टिक) केन्द्रहरु, ढुवानी कम्पनीहरू, सर्वेक्षण कम्पनीहरू, सरकारी एजेन्सीहरू।**

## पूर्वाधार

- चार शैक्षिक भवनहरू, एउटा शैक्षिक र प्रयोगशाला भवन "YUG", तीन छात्रावासहरू
- ५०० भन्दा बढी प्रयोगशाला र कक्षाकोठा, इलेक्ट्रोनिक पठन कक्ष, लगभग ४,००,००० प्रति पुस्तक भण्डार भएको पुस्तकालय
- जहाज नियन्त्रण र म्यानुभरिङ्ग गर्नाका लागि सिम्युलेटर, सञ्चार प्रणाली र इलेक्ट्रोनिक कार्टोग्राफी सिमुलेटरहरू सहित जहाज उपकरणहरूको नमूना प्रशिक्षण उपकरणहरू र सिमुलेटरहरूको आधुनिक कम्प्लेक्स।
- विश्वविद्यालय इतिहास संग्रहालय
- नेभिगेसन स्कूल
- सैन्य प्रशिक्षण केन्द्र
- कानूनी क्लिनिक

## टेक्नोपार्क

यो विश्वविद्यालयका क्याडेटहरूका लागि व्यावसायिक व्यावहारिक तालिम, प्रयोगशाला कार्य, जहाजका चालक दल र फ्लीटको तटीय पूर्वाधारका कर्मचारीहरूका लागि इन्जिनियरिङ तालिम प्रदान गर्न डिजाइन गरिएको हो।

- तीन तल्ले भवन, जहाँ ५०० भन्दा बढी क्याडेटहरूले अध्ययन गर्न सक्नेछन्
- प्रयोगशाला, शैक्षिक, सूचना र दूरसञ्चार उपकरणहरू कुल ४,७०० वर्गमिटर क्षेत्रफलमा
- १२ नयाँ प्रयोगशालाहरू: वैकल्पिक र नवीकरणीय ऊर्जा स्रोतहरू, हाइड्रोन्युमेटिक स्वचालन, मेकाट्रोनिक्स, विद्युतीय स्थापना र स्वचालित विद्युतीय ड्राइभहरू, पम्प र कम्प्रेसर उपकरणहरू, समुद्री प्रशीतन एकाइहरू, ताप, भेन्टिलेसन र वातानुकूलित प्रणालीहरू, उद्योगहरु ४.० र अन्य।
- जहाज मोडेलिङ र प्रोटोटाइपिङ (३डी प्रिन्टिङ), सैद्धान्तिक र एप्लाईड् भौतिक विज्ञान र रसायन विज्ञानका प्रयोगशालाहरूका लागि आवश्यक सरसामान सुसज्जित कक्षाकोठा, जुन भविष्यका नेभिगेटरहरू र जहाज मेकानिक्सका लागि उपयोगी हुने।



**विदेशी क्याडेटहरूको लागि विश्वविद्यालयलाई नै दोस्रो घर जस्तो बनाउनको लागि, विश्वविद्यालयको अन्तर्राष्ट्रिय मामिला विभागले उनीहरूका लागि नोभोरोसिस्कको भ्रमण सञ्चालन गर्दछ। विद्यार्थीहरूले शहर, यसको परम्परा, पौराणिक इतिहास, "मालाया जेम्ल्या" मेमोरियल, हिरोज स्क्वायर, "भ्भ्रिभ" स्मारक, र सोभियत फ्लीटको प्रमुख क्रूजर "कुतुजोभ" सहित अरु महत्त्वपूर्ण स्थानहरूसँग परिचित हुन्छन्।**



## विद्यार्थी जीवन

- १२ वैज्ञानिक समुदाय, युवा वैज्ञानिक क्लब
- २० खेलकुद प्रभागहरू
- "KVN" क्लब
- विषयगत भिडियो च्यानल "कम्पास" सहितको  मिडिया क्लब
- मनोवैज्ञानिक खेल क्लब "दिन र रात"
- ऐतिहासिक र राजनीतिक क्लब "लोको
- फर्मिसिमो"
- फोटो क्लब "प्याराडक्स"
- ई-खेल (साइबर स्पोर्ट) प्रतियोगिताहरू
- फिल्म क्लब "अन्तिम फिल्म शो"
- साहित्यिक रचनात्मक बैठक कोठा
- एनिमे क्लब
- "युवा थिएटर" परियोजना
- १० रचनात्मक समूहहरू: भोकलएनसेम्बल "टेरा", भोकल एनसेम्बल,ज्याज अर्केस्ट्रा, भोकल-इन्स्ट्रुमेन्टल एनसेम्बल, पप डान्स एनसेम्बल "एकेडेमी", पप डान्स एनसेम्बल "ऊर्जा", खेलकुद नृत्य एनसेम्बल, लघुचित्रहरूको थिएटर, पप पपेट थिएटर
- बौद्धिक र तार्किक खेलहरूको क्लब: टूर्नामेंटहरू "विश्वविद्यालय क्विज", "के?कहाँ? कहिले?"
- स्वयंसेवक मुख्यालय #MYVMESTE, स्वयंस

## रोजगार मेला

**एडमिरल एफ. एफ. उशाकोभ स्टेट मेरिटाइम युनिभर्सिटीले पाँच वर्षभन्दा बढी समयदेखि रूसको दक्षिणमा रहेको सबैभन्दा ठूलो रोजगार मेलाको लागि स्थलको रूपमा सेवा गर्दै आएको छ।**

विश्वका अग्रणी ढुवानी कम्पनीहरू, यातायात र रसद कम्पनीहरू, जहाज निर्माण र जहाज मर्मत यार्डहरूले यसमा भाग लिन्छन्।

मेलाका नियमित सहभागीहरू ढुवानी कम्पनीहरू र क्रूइज एजेन्सीहरू हुन्, जुन विश्वका पाँच ठूलामध्ये पर्छन्। तीमध्ये ZAO "बाल्टिक ग्रुप इन्टरनेशनल नोभोरोसिस्क लिमिटेड", OOO "BSM क्रू सर्भिस सेन्टर नोभोरोसिस्क" र अन्य छन्। धेरै कम्पनीहरूका वर्तमान प्रमुखहरू आफैं विश्वविद्यालयका पूर्व क्याडेटहरू हुन्।

विद्यार्थीहरूले रोजगारदाताका प्रतिनिधिहरूसँग कुराकानी गर्छन्, मिनी-अन्तर्वार्ताहरूबाट गुज्रन्छन्, प्रश्नावलीहरू भर्छन् र महत्त्वपूर्ण सम्पर्कहरू गर्छन्।

## कार्यक्रमहरू

- ज्ञान दिवस, खुला दिन, क्याडेट दीक्षा दिवस, शरदऋतु बैठक, मिस्टर र मिस विश्वविद्यालय,  डे अफ ताचियाना
- संघीय कार्यक्रम "पुष्किन कार्ड" को रूपरेखा भित्र नि:शुल्क भ्रमण,शहरका सांस्कृतिक कार्यक्रमहरूमा यात्रा, थिएटर, संग्रहालय, फिलहारमोनिक समाज, सिनेमाघरहरूको भ्रमण।




# इर्कुत्स्क राष्ट्रिय अनुसन्धान प्राविधिक विश्वविद्यालय

स्थापना वर्ष – १९३० ई.सं.

**12**
इंस्टीच्युटहरु

**200**
स्नातक, स्नातकोत्तर र विद्यावारिधि कार्यक्रमहरू

**19**
छात्रावासहरू

**18 000**
विद्यार्थीहरू

**100**
शिक्षण तथा अनुसन्धान प्रयोगशालाहरू

**800**
शिक्षकहरू

**100**
विदेशी साझेदार विश्वविद्यालयहरू

**1 500**
विदेशी विद्यार्थीहरू

**प्रति वर्ष ट्युसन शुल्क**
रूसी भाषाका कार्यक्रमहरू
**१९२,५०० – ३८२,६०० रूबल**
अंग्रेजी भाषाका कार्यक्रमहरू
**२६५,००० - ३६५,००० रूबल**

इर्कुत्स्क राष्ट्रिय अनुसन्धान प्राविधिक विश्वविद्यालय पूर्वी साइबेरियाको एक अग्रणी अनुसन्धान विश्वविद्यालय हो। यसले रक्षा उद्योग, तेल र ऊर्जा उद्योग, मेकाट्रोनिक्स, रोबोटिक्स, भू-सूचना विज्ञान र भू-भौतिकशास्त्र, विमान इन्जिनियरिङ र यातायात, दूरसञ्चार प्रविधि, वातावरणीय इन्जिनियरिङ, अन्तर्राष्ट्रिय व्यापार र अन्य धेरै क्षेत्रहरूको लागि उच्च योग्य कर्मचारीहरू (विशेषज्ञहरु) तयार गर्दछ।

**रूसी भाषाका कार्यक्रमहरूमा ६०% सम्म र अंग्रेजी भाषाका कार्यक्रमहरूमा ८०% सम्म छुट।**

eng.istu.edu
youtube.com/@INRTUadmission

| THE World University Rankings | THE World University Rankings | THE Impact Rankings | QS University Rankings: Emerging Europe & Central Asia | UI GreenMetric | Интерфакс |
|---|---|---|---|---|---|
| 1501+ 2025 | 1251+ Engineering 2025 | 401-600 2024 | 301-350 | 180 विश्वमा | 47-48 |

रूस, इरकुत्स्क ओब्लास्त, इर्कुत्स्क

## विश्वविद्यालयमा अध्ययन गर्नुका फाइदाहरू

- किफायती मूल्यमा गुणस्तर। INRTU (इर्कुत्स्क नेशनल रिसर्च टेक्निकल युनिभर्सिटी) किफायती मूल्यमा गुणस्तरीय शिक्षा खोज्ने विद्यार्थीहरूको लागि एक आदर्श विकल्प बन्दछ, किनकि इर्कुत्स्कमा कम जीवनयापन लागतसँगै अंग्रेजी भाषाका कार्यक्रमहरूमा ८०% सम्मको छुट प्रदान गरिन्छ।
- सरलीकृत भर्ना। भर्नाको लागि कुनै SAT, TOEFL वा IELTS, बैंक स्टेटमेन्ट आदिको आवश्यकता पर्दैन, जसले गर्दा अन्तर्राष्ट्रिय विद्यार्थीहरूको लागि भर्ना प्रक्रिया सजिलो बन्छ।
- अन्तर्राष्ट्रिय मान्यता। INRTU बाट प्रदत्त डिप्लोमाहरू विश्वभर मान्य हुन्छन्।
- 'अन्तर्राष्ट्रिय विद्यार्थी सहयोग सेवा'ले विश्वभरका विद्यार्थीहरूको हेरचाह गर्छ।
- जीवन्त क्याम्पस लाइफ। INRTU क्याम्पसले अन्तर्राष्ट्रिय विद्यार्थीहरूको लागि छात्रावास, खेलकुद सुविधाहरू र विद्यार्थी क्लबहरू सहित आधुनिक पूर्वाधारसहितको सुरक्षित, आरामदायी र गतिशील वातावरण प्रदान गर्दछ।

## तयारी संकाय (प्रिपेरेटरी फ्याकल्टी)

**अवधि:** १ वर्ष, २ वर्ष
**लागत:** प्रति वर्ष ८०,००० रूबलबाट
**प्रवेश परीक्षा:** संचालन गरिंदैन

INRTU को तयारी संकायबाट B1 वा सो भन्दा माथिको स्तरमा उतिर्ण भएका विद्यार्थीहरूले रूसी भाषाको स्नातक र विशेषज्ञ कार्यक्रमहरूमा ६०% सम्म छुट पाउँछन्।



विदेशी नागरिकहरूको लागि प्रवेश समिति

+7 902 543 09 92
admission@istu.edu.ru



**INRTU "साइबेरियाको मोती" भनेर चिनिने इर्कुत्स्क शहरमा अवस्थित छ। समृद्ध रूसी इतिहास, संस्कृति र प्राकृतिक सौन्दर्यले भरिपूर्ण यो शहर युनेस्कोको विश्व सम्पदा स्थल, आश्चर्यजनक बैकाल तालको छेउमा अवस्थित छ।**

## अध्ययनका दिशाहरू

- **इन्जिनियरिङ विज्ञान:** मेकानिकल इन्जिनियरिङ, विमान इन्जिनियरिङ, पावर इन्जिनियरिङ, रेडियो इन्जिनियरिङ
- **कम्प्युटर विज्ञान:** सूचना विज्ञानर कम्प्युटर इन्जिनियरिङ, सूचना प्रणाली र प्रविधिहरू, साइबर सुरक्षा
- **प्राकृतिक विज्ञान:** रासायनिक प्रविधि, जैव प्रविधि, पारिस्थितिकी, व्यावहारिक भूविज्ञान, भूगर्भीय अन्वेषण
- **डिजाइन र वास्तुकला:** वास्तुकला, डिजाइन, निर्माण
- **व्यवसाय र कानून:** अर्थशास्त्र,अन्तर्राष्ट्रिय व्यापार, विज्ञापन,पत्रकारिता, कानूनशास्त्र

**अंग्रेजी भाषाका कार्यक्रमहरूमा प्रवेश पाउन रूसी भाषाको ज्ञान आवश्यक पर्दैन।**

## आवेदकको गाइड

१. भर्नाको लागि आवश्यक कागजातहरू बुझाउनुहोस्।

२. टाढैबाट दिन मिल्ने प्रवेश परीक्षाहरू पास गर्नुहोस्।

३. पढाईका लागि सम्झौता-पत्रमा  हस्ताक्षर गर्नुहोस्।

४. इन्भिटेशन लेटर  प्राप्त गर्नुहोस् (बनिसक्न ४५ दिन लाग्छ) र रूसी संघको कूटनीतिक संस्थामा गई विद्यार्थी भिसाको लागि आवेदन दिनुहोस्।

५. त्यसपछि अध्ययन सुरु गर्न विश्वविद्यालयमा आइपुग्नुहोस्।

## रूसी सरकारको कोटा अन्तर्गत अध्ययन गर्नुहोस्

**education-in-russia.com** पोर्टलमा आवेदन दिनुहोस् र रूसी हाउस एब्रोडद्वारा आयोजित छनोट परीक्षा पास गर्नुहोस्।

**अन्तर्वार्ताको तयारीका लागि सुझावहरू:**

- अन्तर्वार्ताको समयमा शान्त रहनुहोस् र चिन्ता नगर्नुहोस्।
- तपाईंलाई सोधिने प्रश्नहरूको जवाफ पहिले नै तयार गर्नुहोस्:
  - तपाईं रूसमा किन अध्ययन गर्न चाहनुहुन्छ?
  - तपाईं यो विशेष विशेषज्ञता किन अध्ययन गर्न चाहनुहुन्छ?
  - तपाईंको पोर्टफोलियोका कुन उपलब्धिहरूमा तपाईंलाई  सबैभन्दा धेरै गर्व लाग्छ ?

## स्कूले केटाकेटी, विद्यार्थी र रूसी शिक्षकहरूका लागि रूसी भाषामा ग्रीष्मकालीन विद्यालयहरू

कार्यक्रममा रूसी भाषाका कक्षाहरू, रूसी इतिहास र संस्कृतिसँगको परिचय, बेकाल तालको शैक्षिक भ्रमण आदि  समावेश छ।

INRTU छात्रावासमा पढाई र आवास - नि:शुल्क।

**विद्यार्थीहरूको लागि रूसी भाषाको ग्रीष्मकालीन विद्यालयको बारेमा भिडियो**

**रूसी भाषा शिक्षकहरूको स्तरोन्नति प्रशिक्षणको लागि ग्रीष्मकालीन विद्यालयको बारेमा भिडियो**



## INRTU क्याम्पस

क्याम्पस शहरको केन्द्र नजिकै अवस्थित छ। यसको क्षेत्रमा क्याफेहरू,मेडिकल सेन्टर, स्टेडियमहरू, खेलकुद हलहरू, पसलहरू, बैंकहरू आदि छन्।

सबै विदेशी विद्यार्थीहरूलाई विश्वविद्यालयबाट ५ मिनेट पैदल दूरीमा अवस्थित छात्रावासहरूमा किफायती र आरामदायी आवास प्रदान गरिन्छ।

सेक्सनल प्रकारका र करिडोर प्रकारका १९ आधुनिक छात्रावासहरू।

**आवासको लागत (एकल, डबल, ट्रिपल) - ७६० देखि  ९ २०० रूबल सम्म प्रति महिना।**





## BRICS बैकाल इन्स्टिच्युट

INRTU को एक शाखा इन्स्टिच्युट, एक अद्वितीय बहुसांस्कृतिक प्लेटफर्म हो, जहाँ अङ्ग्रेजी र चिनियाँ भाषामा शिक्षण सञ्चालन गरिन्छ।

**जसको मुख्य विशेषता भनेको -**

शिक्षकहरू र विद्यार्थीहरूको बहुराष्ट्रिय संरचना हो। यहाँ नाइजेरिया, भारत, चीन र इरानका प्राध्यापकहरूले यहाँ पढाउँछन्, र BRICS देशहरू (रूस, भारत, चीन, दक्षिण अफ्रिका, इजिप्ट, इरान, इथियोपिया, इन्डोनेसिया) र अन्य धेरै देशहरूका विद्यार्थीहरू यहाँ अध्ययन गर्छन्। यसका कारण शैक्षिक प्रक्रिया परम्परागत राष्ट्रिय शैक्षिक मोडेलहरूभन्दा बाहिर जान्छ र स्नातकहरूलाई गतिशीलता प्रदान गर्दछ - यहाँबाट प्राप्त ज्ञान र दक्षताहरूका आधारमा उनीहरूलाई रूस तथा अन्य देशहरूमा पनि आफ्नो करियर निर्माण गर्न सम्भव हुन्छ।

**बैकाल इन्स्टिच्युट BRICS - सबै कार्यक्रमहरू अंग्रेजी र चिनियाँ भाषामा मात्र पढाइन्छ, र यहाँको अन्तर्राष्ट्रिय विद्यार्थी समुदायलाई विश्वका ५० भन्दा बढी देशहरूले प्रतिनिधित्व गर्छन्।**

## साइबेरियन स्कूल अफ जियोसाइन्सेस (SSG)

INRTU भित्रको अन्तर्राष्ट्रिय अनुसन्धान संस्थान।

यहाँ बृहत् स्तरको वैज्ञानिक अनुसन्धान सञ्चालन गरिन्छ र मौलिक शैक्षिक कार्यक्रमहरू लागू गरिन्छ, जसले विश्वविद्यालयलाई रूस, पूर्वी युरेशिया र अफ्रिकाको बजारमा पृथ्वी विज्ञान, वातावरण र भूमिगत प्रयोगको क्षेत्रमा अग्रणी विश्वविद्यालयहरू मध्ये एक बन्न सम्भव बनाउछ।

SSG विद्यार्थीहरूले वास्तविक गतिविधिको अनुभव मात्र प्राप्त गर्ने नभई इन्स्टिच्युट नछोडिकनै वास्तविक भूगर्भीय करियर पनि निर्माण गर्न सक्छन् र आफ्नो अध्ययनको क्रममा, जुनियर पाठ्यक्रमहरूमा प्रयोगशाला अनुसन्धान सहायकबाट वरिष्ठ पाठ्यक्रमहरूमा इन्जिनियर, परियोजना प्रबन्धकमा पनि जान सक्छन्।

**अन्य INRTU इन्स्टिच्युटहरूको बारेमा जान्नुहोस्**

विज्ञापन अधिकारको बारेमा

## अंग्रेजी भाषाका कार्यक्रमहरू

### स्नातक डिग्री

- Artificial Intelligence and Computer Science
- Environmental Science Engineering
- Power Electrical Engineering
- Sustainable Innovative Economics
- Finance and Accounting
- International Business
- Journalism and Communications
- Linguistics and Business Communication
- Information Technologies in Earth and Environmental Sciences

### स्नातकोत्तर डिग्री

- Information Technologies, Networks and Big Data
- Renewable Energy
- MBA: Global Management and Leadership
- Ecology & Green Technologies







# सम्राट अलेक्सान्दर प्रथमको नाममा रहेको सेन्ट पिटर्सबर्ग यातायात विश्वविद्यालय

स्थापना वर्ष -१८०९ ई.सं.

**30**
अनुसन्धान केन्द्र र प्रयोगशालाहरू

**30+**
विज्ञान विद्यालयहरू

**215**
२१५ वर्षको शैक्षिक परम्परा

**13 000+**
विद्यार्थीहरू

**2 000+**
विदेशी विद्यार्थीहरू

**98,5%**
स्नातकहरूकोरोजगारी

सम्राट अलेक्सान्दर प्रथमको नाममा रहेको सेन्ट पिटरबर्ग यातायात विश्वविद्यालय रूसको पहिलो उच्च यातायात शैक्षिक संस्था हो।

विश्वविद्यालयले स्नातक, विशेषज्ञ, स्नातकोत्तर र विद्धयावारिधि तहमा विस्तृत दायराका शैक्षिक कार्यक्रमहरू प्रदान गर्दछ।

## प्रति वर्ष ट्युसन शुल्क

**स्नातक डिग्री ३,९९० EUR देखि**
**विशेषज्ञता ३,९९० EUR देखि**
**स्नातकोत्तर डिग्री ४४०० EUR देखि**
**विद्यावारिधि ५ २५० EUR देखि**



"स्मेना" नामक डिटेचमेन्टको ४० औं वार्षिकोत्सवप्रति समर्पित प्रदर्शनी

**PGUPS, विश्वविद्यालयहरूको विश्वव्यापी समग्र श्रेणीकरणको शीर्ष १० स्थानभित्र छ।**

रूस, सेन्ट पिटर्सबर्ग

## प्राथमिकता - २०३०

उद्देश्य: यातायात र निर्माण उद्योगहरूको लागि उच्च-गुणस्तर र प्रतिस्पर्धी शैक्षिक र अनुसन्धान सेवाहरूको व्यापक प्रावधानमा नेतृत्व, इन्जिनियरिङ कर्मचारीहरूको नयाँ पुस्ताको प्रशिक्षण, ज्ञान आदानप्रदान मार्फत नवप्रवर्तनहरू सिर्जना गर्ने, साझेदारहरूसँग व्यापक सहयोगमा रूसी संघको बौद्धिक र प्राविधिक सार्वभौमिकता सुनिश्चित गर्ने।

**रणनीतिक परियोजनाहरू**

- बुद्धिमतापूर्ण यातायात पूर्वाधारको सुरक्षित पारिस्थितिक प्रणाली
- निर्माणको क्षत्रमा नयाँ प्रविधि र सामग्रीहरू
- भारी वस्तुहरुको परिवहन - रूसी अर्थतन्त्रको चालक हो

## विद्यार्थी जीवन

- अग्रणी विश्वविद्यालय वैज्ञानिकहरूको मार्गदर्शनमा वैज्ञानिक सर्कल र अनुसन्धान प्रयोगशालाहरूमा काम
- अनुसन्धान, खेलकुद, सांस्कृतिक र सार्वजनिक गतिविधिहरूमा गरिएका सफलताका लागि बढाइने छात्रवृत्ति
- विद्यार्थीहरुका वैज्ञानिक अनुदानहरुबीच प्रतिस्पर्धा
- स्वयंसेवा गतिविधिका ७ क्षेत्रहरू
- १६ विद्यार्थी टोलीहरू, जसमध्ये ४ वर्षभरिकै लागि

**अन्तर्राष्ट्रिय संघहरू**

BRICS | ПГУПС

**स्नातकहरूमध्य - यातायात मन्त्रीहरु, राजनीतिज्ञहरु, ठुल्ठूला यातायात, निर्माण, औद्योगिक उद्यमका प्रमुखहरु, प्रसिद्ध वैज्ञानिकहरु, आविष्कारकहरू छन्।**

## संकायहरु (फ्याकल्टीहरु)


- स्वचालन र बौद्धिक प्रविधिहरू
- यातायात निर्माण
- यातायात व्यवस्थापन र रसद (लजिस्टिक)
- औद्योगिक र नागरिक निर्माण
- यातायात र ऊर्जा प्रणाली
- अर्थशास्त्र र व्यवस्थापन
- पूर्ण-समय शिक्षा संकाय

**तालिम र विशेषज्ञताका शीर्ष ५ लोकप्रिय क्षेत्रहरू**

- निर्माण र प्रविधि क्षेत्र सुरक्षा
- उद्योग र ऊर्जा
- यातायात र रसद
- अर्थशास्त्र र व्यवस्थापन
- सूचना प्रविधि



TMH र PGUPS ले एक सहयोग सम्झौतामा हस्ताक्षर गरे




यारोस्लाभल शाखा

## विदेशमा अध्ययन

प्रत्येक वर्ष, १५० भन्दा बढी विद्यार्थीहरूले विश्वविद्यालयको अन्तर्राष्ट्रिय गतिशीलता कार्यक्रमहरूमा भाग लिन्छन्। यी कार्यक्रमहरू चीन, काजाकिस्तान, उज्बेकिस्तान, आदिका विश्वविद्यालयहरूसँग लागू गरिन्छ।

- प्रमुख विदेशी यातायात विश्वविद्यालयहरूसँग १३ संयुक्त र नेटवर्क शैक्षिक परियोजनाहरू
- ९५ विदेशी साझेदार विश्वविद्यालयहरु

### साझेदारहरू

## इन्टर्नशिप र रोजगारी

PGUPS का विद्यार्थीहरूले "रूसी रेलवे", अग्रणी यातायात, डिजाइन र निर्माण संस्थाहरू द्वारा कमिसन गरिएका वास्तविक डिप्लोमा परियोजनाहरू सञ्चालन गर्छन्। 'स्नातक योग्यता कार्यहरू' वर्तमान उत्पादन समस्याहरू समाधान गर्ने उद्देश्यले गरिन्छ।

PGUPS मा एक प्रशिक्षण रेलवे साइट छ, जसले विद्यार्थीहरूलाई इन्टर्नशिपहरू लिन र उनीहरूको अध्ययनको क्रममा अनुभव प्राप्त गर्न सहयोग गर्छ।

PGUPS का विशेषज्ञहरू र स्नातकहरूले रूसमा उच्च-गति रेल यातायात सिर्जना गर्ने र रूसी उच्च-गतिका रेलहरू "लास्तोच्छका" र "साप्सान" को आधुनिकीकरण गर्ने परियोजनामा भाग लिए।

**स्नातकहरूको ९८.५% रोजगारी: यो शिक्षाको उच्च गुणस्तर र तालिमको क्रममा प्राप्त व्यावहारिक सीपहरूको कारणले गर्दा हो।**

### विदेशी विद्यार्थीहरूको लागि रूसी भाषा कार्यक्रमहरू

- पूर्व-विश्वविद्यालय प्रशिक्षण (प्रिपेरेटरी कोर्स)
- भाषा इन्टर्नशिप
- गर्मी र जाडो यामका स्कूलहरू
- TRKI परीक्षा तयारी
- अनलाइन पाठ्यक्रमहरू
- "शैक्षिक पर्यटन"

**10+** शैक्षिक कार्यक्रमहरू

**41+** विद्यार्थीहरूको देशको जियोग्राफी

**300+** विद्यार्थीहरू वार्षिक



खेलकुद महोत्सव



नान्किन रेलवे इन्स्टिच्युट अफ टेक्नोलोजीका विद्यार्थीहरूका लागि ग्रीष्मकालीन विद्यालय २०२३

### अन्तर्राष्ट्रिय सम्बन्ध विभाग

यसले विदेशी विद्यार्थीहरूको लागि बसाइँसराइ र भिसा सहयोग प्रदान गर्दछ, संगठनात्मक समस्याहरू समाधान गर्न मद्दत गर्दछ।

+7 812 457-80-39
inter@pgups.ru

## उन्नत इन्जिनियरिङ स्कूल

- उच्च-प्रविधि कम्पनीहरू र वैज्ञानिक संस्थाहरूसँगको साझेदारीमा नयाँ पुस्ताका इन्जिनियरहरूको उन्नत तालिम
- पोलिगोनमा रेलवे यातायात नियन्त्रणको लागि बुद्धिमतापूर्ण सुरक्षा प्रणालीहरू(इन्टेलेकचुअल सेफ्टी सिस्टम्स)को निर्माण
- नयाँ पुस्ताका सुरक्षा प्रणालीहरूको पूर्ण जीवनचक्र सुनिश्चित
- वैज्ञानिक र शैक्षिक गतिविधिहरूको कार्यान्वयन

**14**
शैक्षिक कार्यक्रमहरू

**5**
आधुनिक प्रयोगशालाहरू

**4**
औद्योगिक साझेदारहरू

## विज्ञान

विश्वविद्यालयको वैज्ञानिक गतिविधिका सबैभन्दा महत्त्वपूर्ण क्षेत्रहरू यातायात र यातायात निर्माणको क्षेत्रमा आधारभूत र व्यावहारिक अनुसन्धानको कार्यान्वयनसँग सम्बन्धित छन्।

**30+**
अनुसन्धान केन्द्रहरू र प्रयोगशालाहरू

**70+**
आविष्कारहरूको लागि वार्षिक पेटेन्टहरू

**700+**
विद्यार्थीहरू वैज्ञानिक कार्यमा भाग लिन्छन्

**१ अर्ब रुबल भन्दा बढीको रकम बिनियोजन वैज्ञानिक अनुसन्धानका लागि:**
**विश्वविद्यालय वैज्ञानिक गतिविधिहरूमा सक्रिय रूपमा संलग्न छ, वार्षिक रूपमा विभिन्न क्षेत्रहरूमा सयौं अनुसन्धान परियोजनाहरू कार्यान्वयन गर्दछ।**

## अनुसन्धान क्षेत्रहरू

अनुसन्धान क्षेत्रहरूको विविधताले हाम्रा शिक्षण कर्मचारीहरूको विशेषज्ञताको फराकिलो दायरा र हाम्रो शैक्षिक वातावरणको अन्तरविषय प्रकृतिलाई प्रतिबिम्बित गर्दछ।

- उच्च-गतिको रेल ट्राफिक
- सुदूर उत्तर र पर्माफ्रस्टको अवस्थामा ठूला पूर्वाधार सुविधाहरूको समर्थन
- चुम्बकीय उत्खनन
- प्रविधि क्षेत्र सुरक्षा
- रेलवे यातायात व्यवस्थापनको डिजिटलाइजेशन
- ऊर्जा बचत र ऊर्जा दक्षता



खेलकुद महोत्सव



# रुसी संघको स्वास्थ्य मन्त्रालय अन्तर्गतको  रूसी राष्ट्रिय अनुसन्धान चिकित्सा विश्वविद्यालय, जुन एन. आई. पिरोगोभको नाममा रहेको छ।

स्थापना वर्ष – १९०६ ई.सं.

**18**
१८ स्नातक, विशेषज्ञ, स्नातकोत्तर कार्यक्रमहरू

**15**
१५ इंस्टीच्युटहरु

**1**
१ उन्नत इन्जिनियरिङ स्कूल "स्कूल अफ मेडिकल इन्जिनियरिङ"

**11209**
११,२०९ स्नातक, विशेषज्ञ, स्नातकोत्तर विद्यार्थीहरू

**56**
५६ आवासीय इन्टर्नशिप कार्यक्रमहरू

**9**
९ विद्यावारिधि कार्यक्रमहरू

**2 667**
२,६६७ इन्टर्न तथा विद्यावारिधिका विद्यार्थीहरू

**1 450**
१,४५० विदेशी विद्यार्थीहरू

rsmu.ru
vk.com/rnimupirogov
t.me/daily_2med

एन. आई. पिरोगोभको नाममा रहेको  रूसी राष्ट्रिय अनुसन्धान चिकित्सा विश्वविद्यालय रूसी संघको अग्रणी चिकित्सा विश्वविद्यालय हो, जसले चिकित्सक, औषधि विशेषज्ञ, क्लिनिकल मनोवैज्ञानिक, सामाजिक कार्यकर्ता र वैज्ञानिक कर्मचारीहरू उत्पादन गर्न  प्रशिक्षण प्रदान गर्दछ।

पिरोगोभ विश्वविद्यालय रूसको एक मात्र चिकित्सा विश्वविद्यालय हो जसलाई "राष्ट्रिय अनुसन्धान विश्वविद्यालय" को श्रेणी प्रदान गरिएको छ।

**२०२५/२०२६ शैक्षिक वर्षमा शिक्षण शुल्क**

**स्नातक र विशेषज्ञ डिग्री ५,००,००० - १,१००,००० रूबल**

**स्नातकोत्तर डिग्री १९०,००० - ६००,००० रूबल**

**इन्टर्नशिप  ५३०,००० - ६३०,००० रूबल**

**विद्यावारिधि  ४२०,००० - ४५०,००० रूबल**

**प्रिपेरेटोरी (तयारी) विभाग - २००,००० रूबल (एक्सप्रेस कोर्स) / ३२०,००० रूबल (वार्षिक)**

| THE World University Rankings | RAEX Rating Review | SCImago Institutions Rankings | QS World University Rankings |
|---|---|---|---|
| 1201-1500 | 21 | 62 | 301-350 Medicine |

रसिया, मस्को

रूसका विश्वविद्यालयहरू।एन. आई. पिरोगोभको नाममा रहेको  रूसी राष्ट्रिय अनुसन्धान चिकित्सा विश्वविद्यालय (रसियन नेशनल रिसर्च मेडिकल युनिभर्सिटी )

## शैक्षिक कार्यक्रमहरू

### विशेषज्ञता

- सामान्य चिकित्सा RU, EN
- बालरोग विज्ञान RU
- दन्त चिकित्सा RU, EN
- औषधि विज्ञान RU, EN
- क्लिनिकल मनोविज्ञान RU
- सेवा गतिविधि मनोविज्ञान RU
- चिकित्सा जैव रसायन RU
- चिकित्सा जैव भौतिकी RU
- चिकित्सा साइबरनेटिक्स RU
- आधारभूत र एप्लाइड जीवविज्ञान RU

### स्नातक डिग्री

- सामाजिक कार्य RU

### स्नातकोत्तर डिग्री

- मनोविज्ञान RU
- समाजशास्त्र RU
- सामाजिक कार्य RU
- जीवविज्ञान RU
- जैवप्राविधिक प्रणाली र प्रविधिहरू RU
- विशेष (डिफेक्टोलोजिकल) शिक्षा RU
- न्यायशास्त्र RU

## भर्ना

बजेट सिटको संख्या:

- स्नातक र विशेषज्ञ डिग्री - १६५२
- • मास्टर डिग्री - ८६

कागजात स्वीकृतिको सुरुवात - जुन २०, २०२५

भर्नाको अन्त्य - जुलाई १५, २०२५

परीक्षा - जुलाई ११ देखि २५ जुलाई, २०२५ सम्म

**आवेदकको पृष्ठ**

## भर्नाका तरिकाहरु (सम्भावनाहरु)

### सशुल्क/नि:शुल्क

विदेशी नागरिक, राज्यविहीन व्यक्तिहरू र विदेशमा बस्ने स्वदेशीहरूलाई रूसमा उच्च शिक्षा प्राप्त गर्ने अधिकार छ।

- सशुल्क शैक्षिक सेवाहरूको प्रावधानको लागि सम्झौता (कंट्र्याक्ट)अनुरुप
- बजेट कोषको खर्चमा (नि:शुल्क)
  - ☑ रुसी सरकारी कोटा अन्तर्गत
  - ☑ अन्तर्राष्ट्रिय सम्झौताहरू अनुसार रुसी संघका नागरिकहरूसँग समान आधारमा सामान्य प्रतिस्पर्धा गरेर
  - ☑ स्वदेशी नागरिकका हकमा  समर्थन कार्यक्रम अन्तर्गत

## प्रवेश परीक्षाहरू

### स्नातक/विशेषज्ञ/स्नातकोत्तर डिग्री

- कम्प्युटर परीक्षण

### विद्या वारिधि

- प्रवेश परीक्षाहरू (व्यक्तिगत रूपमा)

### मेडिकल इन्टर्नशिप

- कम्प्युटर परीक्षण (व्यक्तिगत रूपमा)

**पूर्वाभ्यास परीक्षण (परीक्षा रिहर्सल) को मद्दतले तपाईंले प्रवेश परीक्षाको तयारी गर्न सक्नुहुन्छ**

**विद्यालय तथा कलेजका ९-११ कक्षाका विद्यार्थीहरूको  लागि रसायन विज्ञान र जीवविज्ञान विषयमा  पिरोगोभस्काया ओलम्पियाड**

**व्यक्तिगत उपलब्धिहरूको लेखाजोखा**

भर्ना र कागजातहरूको तयारीसम्बन्धि  परामर्श

+7 (968) 926-72-21 (WhatsApp)

admission@rsmu.ru



## प्रिपेरेटोरी फ्याकल्टी (तयारी विभाग)

### पूर्ण पाठ्यक्रम (१० महिना) - ३२०,००० रूबल

पहिलो सेमेस्टर:

- रूसी भाषा (सामान्य भाषिक पाठ्यक्रम)

दोस्रो सेमेस्टर:

- • रूसी भाषा (शब्दावली)
- • रूसी भाषाको प्रयोग गर्दै मुख्य विषयहरूमा अध्यापन: रसायन विज्ञान, भौतिक विज्ञान, गणित,
- जीव विज्ञान, सामाजिक विज्ञान र इतिहास

### एक्सप्रेस कोर्स (४ महिना) - १६०,००० रूबल

- रूसी भाषा (सामान्य भाषिक पाठ्यक्रम र शब्दावली)
- रूसी भाषाको प्रयोग गर्दै मुख्य विषयहरूमा अद्ध्यापन तालिम: रसायन विज्ञान, भौतिक विज्ञान, गणित, जीवविज्ञान, सामाजिक विज्ञान र इतिहास

**विदेशी नागरिकहरूको लागि तयारी पाठ्यक्रमहरू (प्रिपेरेटोरी कोर्स)**

**अतिरिक्त प्रोफेशनल (व्यावसायिक) शिक्षा: चिकित्सकहरुका सुविधाका लागि ड◌िजिटल वातावरण (प्रशिक्षण - नि:शुल्क)**

## फाइदाहरू

- उच्च योग्यता भएका प्रोफेसरहरु तथा अन्य शिक्षकहरुको संकाय
- लघु प्रोफाइल अन्तर्गत विशेषज्ञहरूको तालिम:
  - » मेडिकल बायोकेमिस्ट्री
  - » मेडिकल साइबरनेटिक्स
  - » मेडिकल बायो फिजिक्स
- व्यावहारिकता (प्रयोगात्मकता) प्रति प्रशिक्षणको विशेष ध्यान
- आधुनिक उपकरणहरू सहितको तालिम
- उच्च-गुणस्तरको क्लिनिकल आधारशिला
- अन्तर्राष्ट्रिय पारस्परिक सहकार्य

**विभागीय प्रमुख**
**एरिका आगानेसोभना गाल्स्च्यान्**
+7 (495) 434-10-44
ims@rsmu.ru

## इन्टरडक्टर परियोजना

रूसी स्वास्थ्य मन्त्रालयको अग्रणी चिकित्सा र वैज्ञानिक केन्द्रहरूमा विदेशी अभ्यासरत डाक्टरहरूले पनि आफ्नो कामकै क्रममा तालिम लिन सक्छन्।

हाल, मस्कोका अग्रणी चिकित्सा केन्द्रहरूमा ५०० भन्दा बढी कार्यक्रमहरू कार्यान्वयनको लागि तयार छन्।

तपाईंले पोर्टल interdoctor.org मार्फत आवेदन दिन र इन्टर्नशिप कार्यक्रमहरूको सूची र विवरण हेर्न सक्नुहुन्छ **interdoctor.org**

**पोर्टल interdoctor.org**

## स्नातकहरूको रोजगारी

- चिकित्सा संस्थाहरू (पोलीक्लिनिकहरू,अस्पतालहरू, निजी क्लिनिकहरू, एम्बुलेन्स सेवा, सेनेटोरियमहरू, सैनिक अस्पतालहरू)
- औषधि कम्पनीहरू, चिकित्सा संस्थानहरू,प्रयोगशालाहरू, औषधि उत्पादन कारखानाहरु
- मेडिकल प्रोग्रामहरु तथा अनुसन्धानका क्षेत्रहरु,चिकित्सामा प्रयोग कृत्रिम बुद्धिमत्ता र औषधिका क्षेत्रहरु, स्वास्थ्य सेवा व्यवस्थापन जस्ता क्षेत्रहरु।



कागजातहरू विश्वविद्यालयको इलेक्ट्रोनिक सूचना प्रणाली मार्फत व्यक्तिगत रूपमा वा इलेक्ट्रोनिक रूपमा पेश गर्न सकिन्छ।

## वातावरण अनुकूलन (एडप्टेशन)

पिरोगोभ विश्वविद्यालयमा एक ट्युटोरिङ परम्परा कायम छ:

- शैक्षिक समूहका ट्युटरहरू, वरिष्ठ विद्यार्थीहरूले पहिलो वर्षका विद्यार्थीहरूलाई उनीहरूको अध्ययनको पहिलो वर्षको समयमा वातावरण सहज हुन मद्दत गर्छन्।
- ट्युटर-शिक्षकहरूले ५ विषयहरूमा कक्षाहरू सञ्चालन गर्छन्: एनाटोमी, हिस्टोलोजी, रसायन विज्ञान, जीवविज्ञान र टोपोग्राफिकल एनाटोमी।
- छात्रावासका शिक्षकहरू - ती विद्यार्थीहरू, जसले नयाँ विद्धयार्थी हरूलाई छात्रावासको जीवनसंग एडप्ट हुन मद्दत गर्छन्।.

**विद्यार्थी समुदाय परिषद्**

## विद्यार्थी जीवन

- अनुसन्धानात्मक गतिविधिहरू
- विद्यार्थी विज्ञान समाज (SSS), जसमा ९९ वैज्ञानिक क्लबहरू समावेश छन्
- स्वयंसेवी परियोजनाहरू, डोनर मुभमेन्ट, सांस्कृतिक स्टुडियोहरू, खेलकुद र पर्यटक क्लबहरू

**पिरोगोभ विश्वविद्यालयले विदेशी विश्वविद्यालयहरूसँग आदानप्रदान कार्यक्रमहरू लागू गर्दछ, जसले विद्यार्थीहरूलाई स्वास्थ्य सेवा प्रणालीहरूको तुलना गर्न, आधुनिक उपचार विधिहरू अध्ययन गर्न, बिरामीहरूको रोग निदान गर्न  र उपचारमा भाग लिन, अनुसन्धान परिणामहरूको व्याख्या गर्न, शल्यक्रिया र चिकित्सा प्ररक्रियाहरू अवलोकन गर्न अनुमति दिन्छ।**

**"ज्ञानको लागि रूस" - थप समीक्षाहरु**

**प्रशिक्षणको लागि एडमिसन विभाग**

**विभागिय प्रमुख**
**एलिजावेथा आन्द्रियभ्ना  करोत्काया**
+7 495 434-31-74
prk@rsmu.ru

### अहमद, साउदी अरेबिया

शुरुमा, मैले विदेशमा पढ्ने योजना बनाएको थिएँ त्यसैले रूसी विश्वविद्यालयमा प्रवेश गर्ने विचार गरेको थिइनँ। तर रूसमा अध्ययन गर्ने साथीसँग कुरा गरेपछि भने मेरो योजना परिवर्तन भयो र रूसमै पढ्ने भएं, सबै कुरा बडो सहज रूपमा भयो, र अब म मेरो रोजाइसँग खुशी छु। पाँच वर्षको अद्ध्यन दौरानमा, म मस्को र यहाँका मानिसहरूलाई मन पराउन थालें।

भविष्यमा, म अन्तर्राष्ट्रिय स्तरमा आफूलाई विकसित गर्ने योजनामा छु, तर रूस सधैं मेरो दोस्रो मातृभूमिका रुपमा रहनेछ।

पिरोगोभ विश्वविद्यालयले विभिन्न राष्ट्रियताका विद्यार्थीहरूलाई एकताबद्ध गर्दछ, सबैलाई उनीहरूको क्षमता प्रकट गर्न मद्दत गर्दछ।

**विश्वविद्यालयले CIS र BRICS देशहरूका अनुसन्धान संस्थानहरू, शैक्षिक तथा चिकित्सा संस्थाहरूका साथै अन्य विदेशी देशहरूसँग सहकार्य गर्दछ।**

### दिआस, काजाकिस्तान

मैले पिरोगोभ विश्वविद्यालय रोजें,
किनभने यो देशको अग्रणी
चिकित्सा विश्वविद्यालयहरू मध्ये एक हो,
जहाँ तपाईं उच्च-गुणस्तरको
ज्ञान प्राप्त गर्न सक्नुहुन्छ र ट्रमाटोलोजिस्ट बन्न सक्नुहुन्छ।म रूसमा काम गर्ने योजनामा छु, म यहाँ व्यावसायिक विकासका लागि अवसरहरू देख्छु। म प्रशिक्षणको जटिलता बुझ्छु, तर म लक्ष्य प्राप्त गर्नका लागि चुनौतीहरूको सामना गर्न तयार छु।



# सेन्ट-पिट्सबर्ग स्टेट आग्रारियन विश्वविद्यालय (SPBSAU)

स्थापना वर्ष - १९०४ ई.सं.

**24** स्नातक (ब्याचलर) कार्यक्रमहरू

**18** स्नातकोत्तर (मास्टर्स) कार्यक्रमहरू

**14** विद्यावारिधि कार्यक्रमहरू

**9** माध्यमिक व्यावसायिक शिक्षाका ९ कार्यक्रमहरू

**7** इंस्टीच्युटहरु

**37** विभागहरू

**10** छात्रावासहरू

**7 000** विद्यार्थी र श्रोताहरू, जसमध्य ३०० विदेशीहरू

**10** विद्यार्थी र श्रोताहरू, जसमध्य विदेशीहरू

**800+** शिक्षक र कर्मचारीहरू

**1 181 га** हेक्टर जमिन, जसमध्य ११४० हेक्टर भूमि कृषिका लागि

SPbSAU उत्तरपश्चिमी संघीय जिल्लाको एक प्रमुख औद्योगिक विश्वविद्यालय हो, एक अन्तर्राष्ट्रिय वैज्ञानिक र शैक्षिक केन्द्र हो, र रूसमा कृषि शिक्षामा अग्रणी मध्ये एक हो।

यसले कृषि जैविक, इन्जिनियरिङ र प्राविधिक तथा सामाजिक-आर्थिक क्षेत्रमा विशेषज्ञहरू तयार गर्छ।

**प्रति वर्ष ट्युसन शुल्क**
**स्नातक डिग्री २००,००० – २,५०,००० रूबल**
**स्नातकोत्तर डिग्री २५०,००० – ३००,००० रूबल**
**विद्यावारिधि डिग्री ३५०,००० – ४००,००० रूबल**

spbgau.ru

- त्सारस्कोये सेलो कृषि तथा प्राविधिक कलेज
- व्यवस्थापन तथा कृषि व्यवसाय एकेडेमी
- कालिनिनग्राद शाखा

**10** सन् २०२५ को लागि उत्तरपश्चिमी संघीय जिल्लाका विश्वविद्यालयहरू मध्ये १०औं

**9** सन् २०२५ को लागि सेन्ट पिटर्सबर्गका प्राकृतिक विज्ञान विश्वविद्यालयहरूमध्ये ९औं

**299** सन् २०२५ को लागि रूसी संघका सबै विश्वविद्यालयहरू मध्ये २९९ औं



रूस, सेन्ट पिटर्सबर्ग

## इंस्टीच्युटहरू
## स्नातक डिग्री (B), स्नातकोत्तर डिग्री (M), विद्यावारिधि डिग्री (Dr)

### पावर इन्जिनियरिङ इन्स्टिच्युट

कृषि इन्जिनियरिङ (B,M); इलेक्ट्रोपावर इन्जिनियरिङ र इलेक्ट्रिकल इन्जिनियरिङ (B); हीट इनर्जी इन्जिनियरिङ र हीट इन्जिनियरिङ (M); कृषि-औद्योगिक परिसरको विद्युतीय प्रविधि, विद्युतीय उपकरण र ऊर्जा आपूर्ति (Dr)।

### वी.आई. नाउमोभको नाममा रहेको पशुपालन तथा आकवा कल्चर (जलचर) इन्स्टिच्युट।

जीवविज्ञान (B); जलीय जैविक स्रोत र जलचर (B, M); पशु विज्ञान (B , M); सरसफाइ(स्यानिटेशन), हाइजिन, इकोलोजी, पशु चिकित्सामा सरसफाइ परीक्षण र जैव सुरक्षा (Dr); निजी पशु विज्ञान, आहार विधि, दाना तयारी प्रविधि र पशुजन्य उत्पादन (Dr); पशु प्रजनन, छनोट, जेनेटिक्स (आनुवंशिकी) र जैव प्रविधि (Dr); मत्स्यपालन, जलचर र इन्डस्ट्रियल फिशिंग (Dr)।

### इन्जिनियरिङ तथा प्राविधिक इन्स्टिच्युट

टेक्नोस्फियर सुरक्षा (B); यातायात तथा प्राविधिक मेसिन र कम्प्लेक्सहरूको सञ्चालन (B); कृषि इन्जिनियरिङ (B,M); कृषि-औद्योगिक परिसरको लागि प्रविधि, मेसिन र उपकरणहरू (Dr); व्यावसायिक सुरक्षा (Dr)।

### निर्माण, वातावरणीय इन्जिनियरिङ र ल्याण्डस्केप वास्तुकला इन्स्टिच्युट

निर्माण (B); भूमि व्यवस्थापन र इनभेनटरी (B,M); ल्याण्डस्केप आर्किटेक्चर (B,M); वाटर सेपरेशन (B); भूमि व्यवस्थापन, इन्भेंटरी र भूमि अनुगमन (Dr)।

### कृषि प्रविधि तथा खाद्य उत्पादन संस्थान

कृषि रसायन विज्ञान र माटो विज्ञान (B , M); कृषि विज्ञान (B,M), बागवानी (B,M); कृषि उत्पादनहरूको उत्पादन र प्रशोधन प्रविधि (B); सामान्य कृषि र बिरुवा उब्जाउ (Dr); कृषि रसायन विज्ञान, माटो विज्ञान, बिरुवा संरक्षण र क्वारेन्टाइन (Dr); बागवानी, तरकारी उब्जाउ, अङ्गुर खेती र औषधीय बाली (Dr)।

### अर्थशास्त्र तथा व्यवस्थापन इन्स्टिच्युट

अर्थशास्त्र (B); व्यवस्थापन (B,M); राज्य र नगरपालिका प्रशासन (B,M); सेवा (B); फाइनान्स र ऋण (M); क्षेत्रीय तथा क्षेत्रगत अर्थशास्त्र (क)।

### ई.ए. एङ्गेलको नाममा रहेको ल इन्स्टिच्युट (कानून संस्थान)

न्यायशास्त्र (B,M); सैद्धान्तिक र ऐतिहासिक कानून विज्ञान (Dr); सार्वजनिक कानून (राज्य कानून) विज्ञान (Dr)।



एडमिसन कमिटी

+7 812 451-90-80

+7 812 612-12-67

t.me/pk_spbgau

## विदेशी नागरिकहरूको लागि प्रिपेरेटरि फ्याकल्टी (तयारी विभाग)

**प्रशिक्षणको ढाँचा: इलेक्ट्रोनिक प्रविधि प्रयोग गरेर हुने फुल टाइम (पूर्ण-समय) पढाई**
**प्रशिक्षण अवधि: अक्टोबर-अगस्ट (२-सेमेस्टर कार्यक्रम)**
**मूल्य २३६,०००रूबल**

**विदेशी नागरिकहरूको लागि प्रिपेरेटरि फ्याकल्टी (तयारी विभाग)**

**विदेशी नागरिकहरूको भर्ना**

**प्रोफाइलहरू**

- प्राकृतिक विज्ञान - रूसी भाषा, गणित, भौतिक विज्ञान, रसायन विज्ञान
- प्राविधिक इन्जिनियरिङ र प्रविधि - रूसी भाषा, गणित, भौतिक विज्ञान, कम्प्युटर विज्ञान
- चिकित्सा तथा जैविक - रूसी भाषा, रसायन विज्ञान, जीवविज्ञान, भौतिक विज्ञान
- अर्थशास्त्र - रूसी भाषा, गणित, सामाजिक अध्ययन, कम्प्युटर विज्ञान

**SPbSAU ले बेलारुस, चीन, मंगोलिया र काजाकिस्तानका विश्वविद्यालयहरूसँग वैज्ञानिक र शैक्षिक कोल्याबरेशनको विकास गर्दछ**

अन्तर्राष्ट्रिय कोल्याबरेशन, विदेशी विद्यार्थीहरूको गतिविधि र विद्यार्थी जीवनको बारेमा समाचार

## रोजगारी

शहर र वरिपरिका क्षेत्रका मुख्य उत्पादन साझेदारहरूलाई स्नातकहरूको माग हुन्छ। यसमा समावेश छन्: रोसेलखोजबैंक, फोसएग्रो, बायोट्रोफ, पिटर्सबर्ग ट्र्याक्टर प्लान्ट, मिन्स्क ट्र्याक्टर प्लान्ट, एन.आई. भाभिलोभको नाममा राखिएको संघीय अनुसन्धान केन्द्र अखिल -रूसी प्लान्ट जेनेटिक रिसोर्सेस, लेनिनग्राद कृषि अनुसन्धान संस्थान "बेलोगोर्का" - ए.जी. लोर्खको नाममा राखिएको संघीय आलु अनुसन्धान केन्द्रको शाखा, रूसी राष्ट्रपति अन्तर्गतको राष्ट्रिय अर्थतन्त्र र सार्वजनिक प्रशासनको एकेडेमी ; पिटर्सबर्ग बायोटेक्नोलोजी, कृषि-औद्योगिक होल्डिंग मिरातोर्ग।

## भारतीय, विद्यार्थीहरू किन रूस र SPBSAU लाई रोज्छन्?

रूस - भविष्यको देश हो, जुन द्रुत गतिमा विकास भइरहेको छ। रूसको आफ्नै समृद्ध संस्कृति छ र भारतसँग लामो समयदेखिको मैत्रीपूर्ण सम्बन्ध कायम छ, त्यसैले यी विद्यार्थीहरूमा देश, परम्परा र भाषाको बारेमा सकेसम्म धेरै सिक्ने इच्छा हुन्छ।

विश्वविद्यालय र अध्ययनका क्षेत्रहरू (मुख्यतया कृषि र सिभिल इन्जिनियरिङ) को छनोट व्यक्तिगत रुचि (परिवार र आफन्तहरूको रुचि र भारतमा बसोबास गर्ने ठाउँ) अनुरुप निर्धारण गरिन्छ।

कोही विद्यार्थीहरूले SPbSAU को बारेमा पहिले रूसमा (मस्को वा सेन्ट पिटर्सबर्गमा) अध्ययन गरेका साथीहरू वा परिवारका सदस्यहरूबाट बुझेका हुन्छन। कसैले आफ्नो अध्ययनको क्षेत्रमा इन्टरनेटमा विश्वविद्यालयको व्यक्तिगत खोजी मार्फत यसको बारेमा जानकारी प्राप्त गरेका हुन्छन। विद्यार्थीहरू विश्वविद्यालयको क्षमता र सेन्ट पिटर्सबर्गमा यसको स्थानबाट पनि आकर्षित हुन्छन्।

विद्यार्थीहरूलाई रसिया देश र त्यहाका जनता दुवै साँच्चै मन पर्छ। विश्वविद्यालय आफैंमा धेरै सुन्दर र आधुनिक छ, र शिक्षकहरू धेरै सहयोगी र दयालु छन्। सबैजना सहयोग गर्न उत्सुक र मैत्रीपूर्ण छन्। यसको अतिरिक्त, विश्वविद्यालय सुन्दर, शान्त र हरियाली क्षेत्रमा अवस्थित छ, तर त्यहाँबाट शहर आफैं पनि धेरै नजिक छ।

धेरै विद्यार्थीहरू तयारी संकाय (प्रिपेरेटोरी फ्याकल्टी) को समाप्ति पछि स्नातक वा स्नातकोत्तर तहमा आफ्नो अध्ययन जारी राख्न चाहन्छन् र केही समय रूसमा बस्न चाहन्छन्।

## रुसी भाषा

भारतीय विद्यार्थीहरूको लागि रुसी भाषा सिक्न त्यति सजिलो छैन, धेरैलाई व्याकरण वा नयाँ शब्द अनि तिनका उच्चारण ध्वनिहरू सम्झन गाह्रो लाग्छ। यद्यपि, विद्यार्थीहरूले आफूलाई मन पर्ने भाषाका पक्षहरू फेला पार्ने प्रयास गर्छन्। उदाहरणका लागि, कसैलाई "Д" वा "Д" अक्षरहरूको हिज्जे साँच्चै मन परेको पाइन्छ, कसै कसैले रूसी व्याकरणलाई आफ्नो मातृभाषा वा अंग्रेजीसँग तुलना गर्ने प्रयास गर्छन्, जसले कहिलेकाहीं उनीहरुलाई मद्दत पनि गर्न सक्छ।

**उपयोगी सल्लाह: भारतमा रहँदा नै रुसी भाषाको गहन अध्ययन गर्नुहोस्, कम्तिमा व्याकरण र शब्दावली, यसले तपाईंलाई रूसमा छिटो घुलमिल हुन मद्दत गर्नेछ। र सधैं नयाँ अनुभवहरूको लागि आफूलाई तत्पर राख्नुहोस्।**

## लाभहरू

- लेनिनग्राद क्षेत्र र सेन्ट पिटर्सबर्ग शहरका ठूला उद्यमहरूमा रोजगारी खोज्ने अवसर
- विश्वविद्यालय क्याम्पसमा अवस्थित छात्रावासहरूमा सुविधाजनक तथा आरामदायी आवासको व्यवस्था
- भविष्यमा छनौट गरिएको पेशाकै लागि प्रत्यक्ष रूपमा हुने विद्यार्थी इन्टर्नशिपहरू
- व्यापक वैज्ञानिक गतिविधिहरू (व्यापार साझेदारहरू सहित १५ प्रयोगशालाहरू, विश्वविद्यालय-व्यापी वैज्ञानिक र शैक्षिक प्रयोगशालाहरू, प्रकाशन र मुद्रण कम्प्लेक्स)
- सक्रिय अन्तर्राष्ट्रिय गतिविधिहरू (चीन, मंगोलिया, काजाकिस्तान, बेलारुस, आदिसँगको सहकार्य)

## भारतीय मूलका विद्यार्थीहरूको लागि अंग्रेजी भाषाका कार्यक्रमहरू

**कृषि विज्ञान: एकीकृत बिरुवा संरक्षण**

**कृषि प्रविधि तथा खाद्य उत्पादन संस्थान, बिरुवा संरक्षण तथा क्वारेन्टाइन विभाग**

**अध्ययन अवधि: २ वर्ष**

**कार्यक्रमलाई ३ भागमा विभाजन गरिएको छ:**

**१. कृषि बालीका प्रमूख रोगहरु र तिनमा लाग्ने कीराहरूको मुख्य समूह**

**२. बिरुवा संरक्षणका विधिहरू**

**३. कृषिजन्य वस्तुहरूको फाइटोसेनिटरी अनुगमन**

**अवसरहरू:**

- व्यावहारिक सिकाइको दृष्टिकोण अपनाएर गहन ज्ञान र सीप प्राप्त गर्ने।
- सामान्य कृषि, बिरुवा उब्जाउ र बिरुवा संरक्षणको क्षेत्रमा अनुसन्धानात्मक कार्यहरु सञ्चालन गर्ने।

**शैक्षिक अभ्यास र इन्टर्नशिपका लागि आधारहरू**

- कृषि उद्यमहरू
- विज्ञान-अनुसन्धान संस्थानहरू

**स्नातकहरूका लागि सम्भावित पदहरू: प्रमुख कृषिविद्, अनुसन्धान कर्मचारी, विभाग प्रमुख, प्रयोगशाला प्रबन्धक।**

**रोजगारदाताहरू: संघीय भन्सार सेवा, कृषि उद्यमहरू, अनुसन्धान संस्थानहरू।**

विज्ञापन अधिकारको बारेमा







# साउथ-उराल स्टेट युनिभर्सिटी (राष्ट्रिय अनुसन्धान विश्वविद्यालय)

ЮУрГУ 1943

स्थापना वर्ष – १९९८ ई.सं.

**12**
इन्स्टिच्युट तथा उच्च विद्यालयहरू

**250+**
भन्दा अधिक स्नातक, विशेषज्ञ र मास्टर डिग्री कार्यक्रमहरू, जसमा अंग्रेजी भाषाका कार्यक्रमहरू पनि समावेश छन्।

**50+**
विद्यावारिधि कार्यक्रमहरू

**36**
अन्तर्राष्ट्रिय वैज्ञानिक प्रयोगशालाहरू तथा विश्वस्तरीय वैज्ञानिक तथा शैक्षिक केन्द्र। REC

**500+**
साझेदार रोजगारदाताहरू

**10**
छात्रावासहरू

**32**
साना नवीन उद्यमहरू

**24 000**
विद्यार्थीहरू

**2 800**
५६ देशका विदेशी विद्यार्थीहरू

साउथ-उराल स्टेट युनिभर्सिटी – डिजिटल उद्योग, सामग्री विज्ञान र पारिस्थितिकीको क्षेत्रमा यस भेगकै एउटा नवीन विकास केन्द्र।

**प्रति वर्ष ट्युसन शुल्क**
**१,८०० – २,८०० अमेरिकी डलर ***

*लागत दर फरक हुन सक्छ

**बहुभाषिक वेबसाइट**
**susu.ru**

vk.com/susu4you
t.me/news_susu
www.youtube.com/@SUSU-TV



**अलेक्ज्याण्डर वाग्नर, SUSU का रेक्टर**

“ वर्तमानमा, दक्षिण उराल राज्य विश्वविद्यालय आधुनिक रूसी शिक्षाको अग्रणीहरू मध्ये एक हो! हामी विश्वविद्यालयको हाम्रो इतिहास र परम्पराको सम्मान गर्छौं र समयका चुनौतीहरूलाई जवाफ दिँदै विकास गर्दै अघि बढ्छौं।

रूस, चेल्याबिन्स्क क्षेत्र, चेल्याबिन्स्क

## भर्ना

स्नातक र स्नातकोत्तर डिग्री कार्यक्रमहरूमा प्रवेशका लागि आवश्यक कागजातहरू:

- राहदानी
- अघिल्ला प्राप्त शिक्षा सम्बन्धी कागजात
- रूसी भाषामा सबै कागजातहरूको अनुवाद

**प्रवेश परीक्षाहरू**

कम्प्युटर परीक्षणको ढाँचामा सञ्चालन गरिन्छ

### आवेदन कसरी दिने?

1. **१. applicant@susu.ru मा आफ्ना सबै आवश्यक कागजातहरु पठाउनुहोस्**
2. २. फारम भर्नुहोस्, सम्झौतामा हस्ताक्षर गर्नुहोस् र पढाईको लागि तोकिएको रकम भुक्तानी गर्नुहोस्
3. ३. प्रवेशको लागि इन्भीटेशन प्राप्त गर्नुहोस्

**अगस्ट १ सम्म आवेदनहरू स्वीकार गरिनेछ।**


पढाई रूसी तथा अंग्रेजी भाषाहरुमा सञ्चालन गरिन्छ।.

रूसी भाषामा तय गरिएका पढाईका कार्यक्रमहरू अध्ययन गर्न, विदेशी नागरिकहरूले वर्षभरि एक वर्षको तयारी कोर्स (प्रिपेरेटरी कोर्स) पढ्न सक्छन् - SUSU को तयारी संकायमा रूसी भाषा लगायत पढाईसंग सम्बन्धित विशेष विषयहरू अध्ययन गर्न सकिन्छ।

**वेबसाइट education-in-russia.com मा आवेदकहरूले रूसको संघीय सरकारबाट छात्रवृत्ति प्राप्त गर्ने अवसर पाउँछन्।**

**समर्थन पत्रको लागि, कृपया applicant@susu.ru मा सम्पर्क गर्नुहोस्।**





### अंग्रेजी भाषामा लोकप्रिय कार्यक्रमहरु (पाठ्यक्रमहरु)

**स्नातक डिग्री, 4 वर्ष**

- ☑ मेकाट्रोनिक्स र रोबोटिक्स
- ☑ अर्थशास्त्र

**स्नातकोत्तर डिग्री, 2 वर्ष**

- ☑ मेकाट्रोनिक्स र रोबोटिक्स
- ☑ जैव प्रविधि
- ☑ अर्थशास्त्र
- ☑ व्यवस्थापन
- ☑ भाषाशास्त्र
- ☑ न्यायशास्त्र

प्रोफाइल:

- रूसी कानून

**विदेशी विद्यार्थीहरूसँग काम गर्ने विभाग**

+7 351 272-30-86
+7-900-067-66-85
applicant@susu.ru

## विदेशी नागरिकहरूको लागि तयारी संकाय (प्रिपेरेटरी फ्याकल्टी)

- ☑ रुसी भाषामा प्रोफाइल सब्जेक्टहरु सहित रुसी भाषाको तयारी कोर्स
- ☑ A0 स्तरबाट भाषा सिकाइ

### प्रोफाइलहरू

- प्राविधिक
- मानविकी
- चिकित्सा - जैविक
- अर्थशास्त्र
- प्राकृतिक विज्ञान

**लागत १३९,००० रूबल ≈ १,६९० अमेरिकी डलर**

*लागत दर फरक हुन सक्छ

### हामी तपाईंलाई मद्दत गर्नेछौं:

- शुन्य बाटै रुसी भाषा सिक्नुहोस्;
- रूसी विश्वविद्यालयहरूमा भर्नाको लागि तयारी गर्नुहोस् र सफलतापूर्वक प्रवेश परीक्षा पास गर्नुहोस्;
- रूसको जीवनसंग आफूलाई एडप्ट (अनुकूलन) गराउनुहोस् र समृद्ध रूसी संस्कृतिसँग परिचित हुनुहोस्।.

**अनिवार्य ! रूसको कुनै पनि विश्वविद्यालयमा भर्ना भएपछि**

- स्वास्थ्य परिक्षण ≈ प्रति वर्ष ६५ अमेरिकी डलर
- निरोगिताको प्रमाणपत्र ≈ ९० अमेरिकी डलर एक पटक

### साझेदार-रोजगारदाताहरू

कास्पेर्सकी ल्याब, स्बेर ब्यांक, म्याग्निटोगोर्स्क आइरन एण्ड स्टील वर्क्स "कामाज", राज्य निगमहरू "रोस्कोसमोस" र "रोसएटम"

### विदेशी नागरिकहरूको लागि

- भिसा सहयोग - नि:शुल्क
- कागजातहरूको दर्ता
- विमानस्थलमा भेटघाट
- छात्रावासमा तोकिएको निश्चित आवास ≈ प्रति महिना २० अमेरिकी डलर





## विश्वस्तरीय अन्तर-विश्वविद्यालय क्याम्पस

**कुल क्याम्पस क्षेत्र: १२३,१३४ वर्गमिटर**

**भवन क्षेत्र: २१,९७० वर्गमिटर**

**क्षेत्र संरचना:**

- विद्यार्थी र शैक्षिक कर्मचारीहरूको लागि ३,४०० बेड भएको ८ आधुनिक होटलहरू
- शैक्षिक तथा वैज्ञानिक कम्प्लेक्स
- मोड्युलर सम्मेलन हलहरू

## SUSU छनौट गरिने प्रमुख कारकहरू

- रूसी र अंग्रेजीमा कार्यक्रमहरू
- अन्तर्राष्ट्रिय औद्योगिक साझेदारहरू - प्र्याकटिकल र इन्टर्नशिपहरू
- शैक्षिक कागजातहरूको मूल्याङ्कन गर्ने विशेषज्ञ केन्द्र (विश्वविद्यालयसंग अध्ययनमा प्रवेशका लागि विदेशी शिक्षालाई मान्यता दिने वा नदिने भन्ने स्वतन्त्र रूपमा निधो गर्ने अधिकार रहेको छ।)
- शैक्षिक भवनहरूबाट पैदल दूरी भित्र अवस्थित ९ छात्रावासहरू
- CIS देशहरूमध्ये ८ औं सबैभन्दा शक्तिशाली सुपर कम्प्युटर प्रयोगशाला
- आफ्नै चिकित्सा केन्द्र र मनोरञ्जन केन्द्रहरू
- आफ्नै खेलकुद परिसर (पौडी खेलकुद, आरोहण पर्खाल, खेलकुद र व्यायाम कोठा)

## अध्ययनका सबै तहहरू

- ☑ स्नातक डिग्री
- ☑ स्नातकोत्तर डिग्री
- ☑ विद्यावारिधि डिग्री

**अध्ययनका दिशाहरू:**

- प्राविधिक र इन्जिनियरिङ
- प्राकृतिक विज्ञान
- सामाजिक र मानवीय

## विश्वविद्यालयको संरचनामा

- वास्तुकला तथा सिभिल इन्जिनियरिङ संस्थान
- उच्च चिकित्सा तथा जैविक विद्यालय
- अर्थशास्त्र तथा व्यवस्थापन उच्च विद्यालय
- इलेक्ट्रोनिक्स तथा कम्प्युटर विज्ञान उच्च विद्यालय
- भाषाशास्त्र तथा अन्तर्राष्ट्रिय सञ्चार संस्थान
- मिडिया तथा सामाजिक विज्ञान तथा मानविकी संस्थान
- प्राकृतिक तथा सटीक विज्ञान (एकज्याक्ट साइन्स) इन्स्टिच्युट
- खेलकुद, पर्यटन तथा सेवा संस्थान
- पोलिटेक्निक संस्थान
- कानून संस्थान







RU
EN
AR
BN
VI
ES
ZH
MN
PT
TR
FA
FR
Мультиязычный журнал о высшем образовании России
HED
Higher Education Discovery
CIS देशहरू
भारत
इजिप्ट
भियतनाम
नेपाल
अर्जेन्टिना
चीन
मंगोलिया
ब्राजिल
टर्की
इरान
अफ्रिका
hedclub.com
सरल भाषामा पढ्नुहोस्

रूसी शिक्षाको बारेमा
बहुभाषिक पत्रिका

hedclub.com




Мультиязычный журнал
о высшем образовании России

HED

Higher Education Discovery

# HED द्वारा मद्दत

## रूसस्थित विश्वविद्यालयहरूका विशेषज्ञहरूसँग च्याटमा कुराकानी

प्रश्न सोध्नुहोस्!

विश्वविद्यालय छनौट गर्नु
गाह्रो हुन सक्छ। रूसमा उच्च शिक्षा सम्बन्धी पत्रिकाको वेबसाइट
HED **https://hedclub.com/ru/universities** ले तपाईंलाई मद्दत गर्नेछ, यसले
रूसी विश्वविद्यालयहरूको बारेमा विस्तृत जानकारी प्रदान गर्दछ।

विश्वविद्यालय पृष्ठहरूमा **"रूसी विश्वविद्यालयहरूका विशेषज्ञहरूसँग कुराकानी"**
नामक विशेष सेवा छ। तपाईंसँग भर्ना, प्रशिक्षण
कार्यक्रमहरू र शिक्षाका अन्य पक्षहरूको बारेमा आफ्ना प्रश्नहरू सोध्ने
अवसर छ। साथै, तपाईं आफ्नो मातृभाषामा लेख्न सक्नुहुन्छ, जसले सञ्चार प्रक्रियालाई
सकेसम्म सुविधाजनक बनाउँछ। रूसी विश्वविद्यालयका विशेषज्ञहरू आवेदकहरूलाई
रुचि भएको सबै आवश्यक जानकारी बताउन तयार छन्।

मौकाको फाइदा उठाउनुहोस्! आफ्ना प्रश्नहरूको जवाफ प्राप्त गरी सचेत
भएर आफ्नो छनौट गर्नुहोस्।